जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २१, २०७७ साल माघ २३ गते शुक्रबार, नेपाल संवत् ११४१ (Feb. 5, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

चुच्चे नक्सा पाठ्यक्रममा

काठमाडौं । लिम्पियाधुरा र कालापानीसहितको भूभाग समेटिएको नेपालको नक्सा विद्यालयस्तरीय पाठ्यक्रममा समावेश गरिएको छ।

कक्षा-११ र कक्षा-८ को पाठ्यक्रममा लिम्पियाधुरा-कालापानीसहितको भूभाग समेटिएर पाठ्यक्रममा समावेश गरिएको प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. राजन भट्टराईले जानकारी दिए।

उनले आज सामाजिक सञ्जाल फेसबुकमार्फत् सो को जानकारी दिएका हुन् ।

आयोगले माग्यो ७ अर्ब

काठडमाडौं । निर्वाचन आयोगले सरकारले घोषणा गरेको निर्वाचनका लागि ७ अर्ब ७ करोड ९४ लाख ८० हजार रुपैयाँ आवश्यक पर्ने बताएको छ । आयोगको मंगलबार बसेको बैठकले २०७८ वैशाख १७ र २७ गते हुने निर्वाचनका लागि ७ अर्ब ७ करोड ९४ लाख ८० हजार रुपैयाँ आवश्यक पर्ने जानकारी गराएको हो ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार कोभिड-१९ को सुरक्षा सतर्कताका लागि आवश्यक पर्ने न्यूनतम सुरक्षा व्यवस्थाका लागि ३७ करोड ४१ लाख ७४ हजार रुपैयाँ प्रस्ताव **बाँकी ८ पेजमा**

सरकार नै सडक प्रदर्शनमा

काठमाडौं । कामचलाउ सरकारका प्रधानमन्त्री केपी शर्मा ओली प्रतिनिधिसभा विघटन गरी सडक प्रदर्शनमा व्यस्त हुन थालेका छन् । गत पुस ५ गते संविधानमै नभएको प्रधानमन्त्रीमा अन्तर्निहित अवशिष्ट अधिकारको प्रयोग गरी उनले राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत बलात प्रतिनिधिसभा विघटन गर्न पुगे । नेपालको संविधान २०७२ ले बहुमत प्राप्त प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार नदिए पनि राजनीतिक कारणको हवला दिँदै उनले राजा महाराजाकै शैलीमा जनताको वारेश प्रतिनिधिसभालाई भंग गरेपछि मुलुकमा राजनीतिक र संवैधानिक संकट उत्पन्न भएको छ । प्रतिनिधिसभा विघटनको विषय यतिबेल सर्वोच्च अदालतमा विचाराधीन छ । विघटन विरुद्धका रिटको सुनुवाइ सकिएको छ र सरकारी पक्ष विघटनको औचित्य पुष्टि गर्न संवैधानिक इजलासमा खोजिरहेको छ । तर इजलासमा बसेका न्यायाधीशहरूको प्रश्नका जवाफ दिन प्रतिरक्षामा उत्रिएका महान्यायाधिवक्तादेखि वरिष्ठ कानुन व्यवसायीहरू कमजोर देखिँदैछन् । यसले प्रधानमन्त्रीको कदम असंवैधानिक भएको र संसद पुनर्स्थापनाको सम्भावनालाई बलियो बनाउँदै लगेको विश्लेषण गर्न थालिएको छ ।

बहुदल आउनुअघि हुने पञ्चायतीहरूलाई सम्झाउने गरी प्रधानमन्त्री केपी शर्मा ओली शक्ति प्रदर्शनका लागि सडकमा ओर्लिनु ०४६ सालयताको पहिलो दुर्लभ घटना हो । देशमा बहुदलीय शासन व्यवस्था पुनर्स्थापना भएपछि यसअघि पनि प्रतिनिधिसभा विघटन नभएको होइन । तर निर्णय गर्ने प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र शेरबहादुर देउवाले सर्वोच्च अदालतको फैसला नआउँदासम्म सडकमा शक्ति देखाउन गएका थिएनन् । विश्वमै सरकार स्वयं सडकमा गएर जनप्रदर्शनका नाममा शक्ति प्रदर्शन गरेका घटनाहरू दुर्लभ छन् । सरकार समर्थकहरू सडकमा देखिने गर्छन् सरकार विरोधीहरूलाई काउन्टर दिन तर प्रधनमन्त्री मन्त्रीहरू नै सडकमा

उत्रिनु आश्चर्यलाग्दो विषय हो । छिमेकी मुलुक भारतमा अहिले किसान आन्दोलन उत्कर्षमा छ । त्यो आन्दोलनलाई काउन्टर दिन सत्तारुढ दल भारतीय जनता पार्टी सडकमा उत्रिए हालत के होला ? प्रधानमन्त्री ओली सडकमा शक्ति देखाउन थाल्नुले राज्यकोषको निर्मम दोहन मात्र हुँदैछैन । यसले मुठभेडको राजनीतिलाई निम्त्याइरहेको छ । प्रतिनिधिसभा विघटनका विरुद्ध अन्य दलहरूले सडक प्रदर्शन गर्नु स्वाभाविक नै हो । तर संविधानलाई नै च्यातेर सत्तापक्ष सडकमा ओर्लिनु राज्य शक्तिको भरमार दुरुपयोग बाहेक अरु केही होइन ।

गत माघ ९ गते नेकपाको दाहाल-नेपाल समूहले भूकुटीमण्डपमा गरेको सभा लगत्तै प्रधानमन्त्री ओलीले भनिदिए- साँघुरो गल्तीमा मान्छे जम्मा पार्दैमा आमसभा हुँदैन । जनपरिचालन र आमसभा कस्तो हुन्छ २३ गते हेर्नुस्, हामी देखाइदिन्छौं । २३ गते आमसभा हुन्छ भनेर ओलीले सार्वजनिक कार्यक्रमबाटै घोषणा गरेपछि उनको कोर टिमले आमसभाको तयारी गऱ्यो । सत्ता नै सडकमा ओर्लिएर देखाउन खोजेको सभाको मञ्च नारायणहिटी संग्रहालयको छेउमा बनाइँदैछ । आज ओली महेन्द्रको सालिकतिर फर्किदै माधव नेपाल र प्रचण्डलाई सत्तोसराप गर्दैछन् । यो त्यही ठाउँ हो जहाँ नागरिक अगुवाहरूले २०४६ सालदेखि आन्दोलन गर्ने गरेका छन् । तर सरकारले सडकमा आएर यही ठाउँमा आन्दोलन गर्नुलाई राजनीतिक विश्लेषकहरूले अर्थपूर्ण रुपमा लिएका छन् । सरकार सडकमा मरिचमानको पालामा आएको थियो । बहुदलीय व्यवस्थाको पुनर्वहाली र निरंकुश एकदलीय पञ्चायती शासनको खारेजीको माग गर्दै जनआन्दोलन उठ्न थालेपछि त्यसको जवाफ दिन तत्कालीन प्रधानमन्त्री मरिचमानले सडकमा पञ्चऱ्यालीको आयोजना गरेका थिए । तर त्यस्तो पञ्चऱ्यालीले पञ्चायती व्यवस्था बचाउन सकेन । जनआन्दोलनको बेगले नारायणहिटीलाई हल्लायो । राजा वीरेन्द्र जनतासँग झुक्न बाध्य भए । उनले देशमा बहुदलीय शासन प्रणालीको घोषणा गर्नुपऱ्यो । राज्य शक्तिको अनधिकृत दुरुपयोग गर्दै पञ्चऱ्यालीकै शैलीमै प्रधानमन्त्री सडकमा उत्रिएर शक्ति देखाउन खोज्नु आफ्ना कमजोरीहरूलाई ढाकछोप गर्ने र वैधता दिन खोज्ने दुष्प्रयास र दुस्साहसबाहेक अरु हुन सक्दैन ।

अमेरिकाको संविधान लेख्ने सबैभन्दा प्रभावशाली व्यक्ति जो अमेरिकाको तेस्रो राष्ट्रपति समेत बने, उनले भनेका छन्- तिमीलाई प्रजातन्त्र चाहिन्छ भने तिमीले मूल्य चुकाउनैपर्छ । सधैं सचेत हुनु नै त्यो मूल्य हो । प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा असंवैधानिक तवरले विघटन गरे यता राजनीतिक दलहरू नागरिक समाज, बुद्धिजीवी वर्ग, सांस्कृतिक एवं साहित्यिक स्रष्टाहरू सबै सडक आन्दोलनमा **बाँकी ८ पेजमा**

किसान आन्दोलनप्रति विश्व चासो



काठमाडौं । चर्चित सेलिब्रेटीहरूले समेत समर्थन जनाउन थालेपछि भारतमा पाँच महिनादेखि जारी किसान आन्दोलनप्रति अन्तर्राष्ट्रिय चासो ह्वात्तै बढेको छ । बुधबार चर्चित पप स्टार रिहानाले किसान आन्दोलनको पक्षमा ट्विट गरेकी थिइन् ।

रिहानाले आफ्नो ट्विटमा 'भारत सरकारले किसान आन्दोलनलाई असफल तुल्याउन इन्टरनेट बन्द गरेको' शीर्षकको सिएनएनको समाचारलाई उद्धृत गर्दै आन्दोलनका पक्षमा फार्मस प्रोटेष्ट ह्यासट्गसहित एक्येबद्धता जनाएकी थिइन् । उनको ट्विटलाई घन्टाभरमै एक लाखभन्दा बढीले रिट्विट र २ लाखभन्दा बढीले लाइक गरिसकेका छन् ।

रिहानालाई पछ्याउँदै किसान आन्दोलनको समर्थनमा अन्य सेलिब्रेटी र अभियन्तासमेत उभिन थालेका छन् । यसले आफ्नो अन्तर्राष्ट्रिय छविमाथि नै प्रश्न उठ्ने देखेर भारतले किसान आन्दोलनप्रति बढ्दो अन्तर्राष्ट्रिय समर्थनप्रति कडा टिप्पणी गरेको छ । भारतको विदेश मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै कृषि क्षेत्रको सुधारबारे किसानहरूको **बाँकी ८ पेजमा**

जबर्जस्ती नियुक्तिको सर्वत्र विरोध

काठमाडौं । सरकारले संवैधानिक निकायहरूमा संविधान र विधि प्रक्रियालाई लत्याएर बलमिच्याइँ गर्दै नियुक्त गरेपछि मुलुक थप टकरावको स्थितितर्फ उन्मुख भएको छ । असंवैधानिक ढंगले ल्याएको अध्यादेशको भरमा अपुरो संवैधानिक परिषद्ले विभिन्न संवैधानिक निकायका पदाधिकारीमा सिफारिस गरेका २८ जनालाई संसदीय सुनुवाईबिनै र न्यायालयमा मुद्दा विचाराधीन रहेका अवस्थामा शितलनिवासमा शपथ गराइएपछि प्रचण्ड नेपाल नेतृत्वको नेकपा लगायत कांग्रेस, राजपा सबै दलहरूले त्यसको चर्को विरोध गरेका छन् ।

संवैधानिक परिषद्को मंसिर ३० गते बसेको बैठकको मिति राखेर पुस ५ गते संसदमा पुऱ्याइएको सिफारिस आफैंमा बदनियतपूर्ण थियो । पाँच पाँच दिन गोप्य राखेर प्रतिनिधिसभा हठात विघटन गरिएको दिन मात्रै त्यसलाई

संसद पुऱ्याएको थियो । परिषद् बैठक पनि उचित प्रक्रिया अनुसार डाकिएको थिएन भन्ने प्रश्न पनि उठिसकेको छ । ४८ घण्टाको पूर्वसूचना दिनुपर्ने प्रावधान विपरीत प्रधानमन्त्रीले पहिलो बैठक बसेकै दिन सदस्यहरूलाई सूचना नदिई साँझ अर्को बैठक राखेर सिफारिस गराएका थिए । सिफारिस प्रक्रिया नै छलकपट गरेर पदाधिकारी नियुक्ति गर्नुले सरकारको स्वेच्छाचारिता छर्लंग भएको छ ।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश, संघीय संसदको संयुक्त बैठक र समिति कार्यसञ्चालन नियमावली खारेजीको माग राखी दर्ता गरिएका दुई निवेदन सर्वोच्च अदालतमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको नेतृत्वको संवैधानिक इजलासमा विचाराधीन छन् । यी दुई विषय अहिलेका संवैधानिक पदाधिकारी नियुक्तिसँग प्रत्यक्ष सरोकार राख्ने विषय हुन् । त्यसमाथि पनि संसदीय **बाँकी ८ पेजमा**

म्यान्मारको सैन्य कू विरुद्ध राष्ट्रसंघ

काठमाडौं । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गत सोमवार म्यान्मारमा भएको कू विफल पार्न विश्व समुदायलाई आह्वान गर्नु भएको छ । महासचिव गुटेरेसले म्यान्मारमा संवैधानिक व्यवस्था पुनर्स्थापित गर्न आह्वान गर्नु भएको हो । उहाँले यो विषयलाई लिएर सुरक्षा परिषद्मा एकता हुने आशा रहेको बताउनु भएको छ ।

सेनाले सत्ता हातमा लिनुअघि निर्वाचित नेत्री आङ सान सुकीलाई गिरफ्तार गरेको थियो । म्यान्मारको प्रहरीले सुकीविरुद्ध विभिन्न अभियोगहरू लगाएको छ र फेब्रुअरी १५ तारिखसम्म उनी हिरासतमा रहन हुने छ । सेनाले सत्ता हातमा लिएपछि सुकी र राष्ट्रपति विन मिनका तर्फबाट कुनै किसिमका प्रतिक्रियाहरू **बाँकी ८ पेजमा**

कोभिडको नाममा ९ अर्ब सकियो

काठमाडौं । कोरोना नियन्त्रण, रोकथाम तथा उपचारका लागि संघीय कोष र बजेट प्रणालीबाट भएको खर्च देखियो, भदौयताको एकीकृत विवरण छैन ।

केन्द्रीय सरकारले कोरोना नियन्त्रण, रोकथाम तथा उपचारमा हालसम्म ९ अर्ब खर्च गरेको छ । नेपालमा कोरोना सुरु भएपछि गत आवको चैतदेखि साउन मसान्तसम्म ५ अर्ब ८४ करोड ७९ लाख खर्च गरेको छ । त्यस्तै, चालू आवको ६ महिनामा २ अर्ब ७५ करोड ८८ लाख ८२ हजार रुपैयाँ खर्च गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमातहत रहेको कोरोना रोकथाम नियन्त्रण, रोकथाम तथा उपचार कोषबाट साउन देखि पुससम्म १ अर्ब ४० करोड र बजेट प्रणालीबाट १ अर्ब ३५ करोड खर्च भएको महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनले देखाएको छ । **बाँकी ८ पेजमा**

उपसचिव र सहसचिवहरूको दरबन्दी थपियो

काठमाडौं । सरकारले अनावश्यक रूपमा सहसचिव र उपसचिव सरहका २ सय ३१ पद दरबन्दी सिर्जना गरी ७७ वटै जिल्लामा जिल्ला भूमिसम्बन्धी समस्या सामाधान आयोग (सुकुमबासी आयोग) गठन गरेको छ। यसबाट तलब र भत्तामा मात्रै १५ करोड रूपैयाँभन्दा बढी व्ययभार थपिने भएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ७७ वटै जिल्लामा भूमिसम्बन्धी समस्या सामधान आयोग गठन गरेको छ। त्यसका लागि मन्त्रालयले सबै जिल्लामा एकजना अध्यक्ष, एकजना विज्ञ र एकजना सदस्य नियुक्त गरेको छ। ७७ जिल्लाका भूमिसम्बन्धी समस्या सामधान आयोगका पदाधिकारीको नामावली राजपत्रमा प्रकाशित भएको छ। सुकुमबासी **बाँकी ८ पेजमा**

पानी नपर्दा प्रदूषण बढ्यो

काठमाडौं । हिउँदे वर्षा नहुँदा काठमाडौंलगायत देशभर प्रदूषण ह्वात्तै बढेको छ। वातावरण विभागका अनुसार सोमबार दिउँसो काठमाडौंको रत्नपार्कमा एयर क्वालिटी इन्डेक्स (वायु गुणस्तर सूचकांक) १ सय ६१ सम्म पुगेको छ। जुन मानव स्वास्थ्यका लागि हानिकारक भएको वातावरण विभागका प्रवक्ता इन्दुविक्रम जोशीले बताए।

एयर क्वालिटी इन्डेक्स ५० भन्दा कम देखिए त्यस क्षेत्रलाई ग्रिनजोन अर्थात् हरियो चिह्न मान्ने गरिएको छ। विश्व स्वास्थ्य संगठनले ४० भन्दा कम देखिए ग्रिनजोन मान्ने गरेको छ तर नेपालले ५० सम्म देखिए त्यस क्षेत्रलाई ग्रिनजोन मान्ने गरेको छ। वातावरणविद्का अनुसार प्रदूषणको मात्रा एक सयसम्म देखाए त्यसलाई एलो जोन अर्थात् पहेलो रङ मान्ने गरिएको छ। प्रदूषण मापन गर्न राखिएका स्टेसनहरूले सयभन्दा कम देखिए त्यस क्षेत्रलाई बस्न 'ठिकै अवस्था' मान्ने **बाँकी ८ पेजमा**

नेपाली हुन नेपालीलाई माया गर्नुपर्छ

समय सन्दर्भ

अमूल्य थारू

फ्रान्सको राज्यक्रान्तिमा 'उदारता, समानता र भ्रातृत्व' भन्ने नारा लगाइयो तर त्यो क्षणिक उन्माद मात्र थियो । 'निरंकुश राजतन्त्र' अन्त्य गर्न चाहने त्यहाँको सचेत समुदाय त्यतिबेला आश्चर्यचकित भयो, जब राजालाई काटेर झन् निर्मम अधिनायकवादी शासन सुरु भयो । चर्चको एकाधिकार समाप्त पार्न 'धर्मनिरपेक्ष' प्रजातान्त्रिक गणतन्त्र स्थापना भएको घोषणा गरियो तर नेपोलियन बोनापार्ट लुई सोह्रौंभन्दा धेरै कठोर भए । यो एउटा उदाहरण मात्र हो ।

राष्ट्रवाद र प्रजातन्त्र दुवैलाई उत्तिकै सम्मान गर्ने असल नेतृत्व स्थापित हुन सकेन भने कथित परिवर्तन आफैंमा अभिशाप सिद्ध हुन्छ । नेपालमा २०६२।६३ सालको परिवर्तन आफैंमा अभिशाप ठहरिएको छ । यसले जनतामा उत्साह, उमंग र आशा जगाउन सकेन । 'ढिँडो खानेहरू भुजा ज्यूनार' गर्न थाले । झुप्राहरूबाट महलमा बसाइँ सर्ने केही सीमित व्यक्ति गणतन्त्रप्रति सन्तुष्ट देखिए तर बाँकी जनता तातो तावाबाट भुङ्ग्रोमा परेको अनुभूति गरिरहेका छन् ।

राष्ट्रप्रतिको पूर्णतः बफादारी र समर्पण हो- राष्ट्रवाद । पहाडवाद, मधेशवाद, उपत्यकावाद, हिमालवाद वा जातिवादको तुलना राष्ट्रवादसँग हुनै सक्दैन । राष्ट्रवाद बृहत्तर र उदात्त चिन्तनको बलियो धरातल हो । तर प्रधानमन्त्री हुनेहरूले पनि नेपाली राष्ट्रवादको निहीतार्थ बुझ्न सकेनन् । त्यसैले उनीहरू दिल्लीकी एउटी क्याथोलिक विधवाको आज्ञाकारी सेवक बनेर गणतन्त्रको माला जपिरहेका छन् ।

सन् १९४७ मा भारत र पाकिस्तान हिन्दू मुसलमान राष्ट्रका रुपमा पृथक भए । लाखौं जनता गृहयुद्धमा मारिए । एक देशबाट अर्को देशमा बसाइँ सर्ने लहर चल्यो । ल्यारी कोलिन्स र डोमिनिक ल्यापियरले सन् १९७५ मा निकालेको 'फ्रिडम एट मिडनाइट' पुस्तकमा देश विभाजनको मार्मिक वर्णन गरिएको छ । 'इज प्यारिस बर्निङ' र 'ओ जेरुसलेम' जस्ता चर्चित पुस्तक लेखिसकेका ती लेखकले देश टुक्रिँदा जनताले भोग्नुपर्ने कल्पनातीत पीडाको चित्रण गरेका छन् ।

भारत-पाकिस्तान विभाजनका बेलामा एक अर्कालाई माया गर्ने युवायुवती पनि दुई देशमा बाँडिए । पञ्जाबको कुनै एउटा हिन्दू युवक मुसलमान युवतीसँग प्रेम गर्थ्यो । उसले धर्म परिवर्तन गरेर युवतीसँगै पाकिस्तान जाने निर्णय गऱ्यो । आमाबाबु, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, छरछिमेकी र देश नै त्यागेर ऊ गयो । जनै **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(चार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

विषालु सर्पहरूलाई टाउकोमा हानेर मार्नुपर्छ

सुरेन्द्र ढकाल

यी दुवै दलमा निर्दोष कोही पनि छैन भन्ने कुरा दुबै खेमाका सर्पहरूले देखाएको आफ्ना खुट्टाहरूबाट प्रमाणित हुन्छ । नेपालमा प्रजातन्त्रको लागि जति आन्दोलन अनि क्रान्ति भए त्यसले नेपाली जनता र देशलाई डस्ने साँपहरूको मात्रै उत्पादन गरेको रहेछ भन्ने कुरा अहिले आएर प्रष्ट भएको छ ।

पदकै लागि सिद्धान्त, विचारधारा, नीति आचरण र व्यवहार सबै परित्याग गरेका तथाकथित कम्युनिष्ट भनिने तत्कालिन एमाले र माओवादी केन्द्रहरूको कृत्रिम एकता अहिले आएर नराम्ररी फुटेको छ। जसको कारण राष्ट्रपति कार्यालय, सर्वोच्च अदालत र निर्वाचन आयोग समेत विवादमा तानिएका छन् ।

सिरहाको निर्वाचनमा प्रचण्डलाई जिताउन बत्ती निभाइ बाकस साटेको कुरा, प्रचण्डपुत्रीलाई भरतपुर नगरपालिकाको मेयर बनाउन मतपत्र च्याती पुनः निर्वाचन गराउन परेको कुरा अहिले प्रधानमन्त्री ओली बताउँदै हिँडिरहेका छन् । उता प्रचण्ड बयलगाडाको कुरा निकाली ओलीलाई संघीयता विरोधी, धर्मनिरपेक्षता विरोधी प्रतिगामी देखाउन कम्मर कसेर लागि पर्नुले सर्पको खुट्टा अब सर्पले मात्रै होइन, निष्पक्ष र तटस्थ मतदाताहरूले पनि देख्ने दिन आएको छ ।

हिजो हामीले महाकालीमा राष्ट्रघात भयो भन्दा त्यसको खिल्ली उडाउँदै महाकालीबाट नेपालले वार्षिक एक खरब बीस अरब पैसा कमाई नेपालको विकास पश्चिमबाट उदाउने गुड्डी हाँक्ने ओली र उत्पादित विद्युत स्याटेलाइटबाट निर्यात गरी डलर कमाउने कुरा गर्ने माधव अहिले दुई विषालु सर्पको रुपमा दुई खेमामा छन् । पदको लागि एकअर्काको भण्डाफोर गर्न यिनीहरू जसरी प्रस्तुत भइरहेका छन्, त्यसबाट नेपाली जनताले के बुझ्नुपर्छ भने यी दुबै राष्ट्रघाती, भ्रष्टाचारी सर्पहरू हुन् ।

उता संसदीय व्यवस्था भनेको खसीको टाउको देखाइ कुकुरको मासु बेच्ने व्यवस्था भन्दै देशलाई जनयुद्धमा होमी १७ हजार नेपालीको जनहत्या गर्ने प्रचण्ड, बाबुराम, अग्नि सापकोटा, रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्टहरू अनि वर्षमान पुन जस्ता विषालु सापहरू अहिले आफूहरूलाई ओली र माधवको खेमामा विभाजित गरी संसदीय व्यवस्थाको रक्षक ढाल भई प्रस्तुत भइरहेका छन् ।

संसदीय व्यवस्थामा आएर जाकिनु थियो भने होनहार १७ हजार नेपाली नागरिकको किन हत्या गरियो ? बैकबाट खरबौं रुपैयाँ किन लुटियो ? खरबौंको विकासका पूर्वाधारहरू किन नष्ट गरियो भन्ने जस्ता प्रश्नको जवाफ माग्ने कि नमाग्ने अब ? माग्ने हो भने अब राजनीतिका विषालु साँपरुपी यिनीहरूको टाउकोमा प्रहार गर्ने गरी जनस्तरबाटै कारवाही गर्नु पर्‍यो कि परेन ?

कोही आफूले गरेको भ्रष्टाचारको राजनीतिकरण गरी दोष मुक्त हुन खोज्ने, कोही निर्मला पन्त जस्ता बालिकाको बलात्कार गरी गरेको हत्यालाई राजनीतिकरण गरी दोष मुक्त हुन खोज्ने, कोही वाइडबडीमा गरेको भ्रष्टाचार, किलोका किलो सुन तस्कर गरी कमाएको धनलाई पचाउन त्यसलाई राजनीतिकरण गरी दोष मुक्त हुन खोज्नेहरू छन् । तसर्थ यी दुवै दलमा निर्दोष कोही पनि छैन भन्ने कुरा दुबै खेमाका सर्पहरूले देखाएको आफ्ना खुट्टाहरूबाट प्रमाणित हुन्छ । नेपालमा प्रजातन्त्रको लागि जति आन्दोलन अनि क्रान्ति भए त्यसले नेपाली जनता र देशलाई डस्ने साँपहरूको मात्रै उत्पादन गरेको रहेछ भन्ने कुरा अहिले आएर प्रष्ट भएको छ । अझै पनि यिनीहरू एकअर्कालाई दोषी अनि आफूचाहिँ चोखो भन्दै विकास र समृद्धिको ललिपप देखाएर चुनाव जित्न सकिन्छ कि भनेर फेरि पनि नेपाली जनतालाई भेडा बनाउने प्रयास गरिराखेका छन् ।

नेपाली जनता अझै पनि सचेत, राष्ट्रवादी छन् भने अब उनीहरूले प्रजातन्त्रलाई विकृत बनाउने मुकुण्डोधारी नक्कली कम्युनिष्ट, आफूलाई कांग्रेस भन्ने मुकुण्डोधारी नक्कली समाजवादीहरूबाट यो देश र यसको प्रजातन्त्रलाई जोगाउन सक्नुपर्छ । त्यो भनेको अब नेपाली जनताले यी सर्पोहरूलाई दूध खुवाउने होइन, यिनीहरूको टाउकोमा प्रहार गरी मार्नुपर्छ अन्यथा यस्ता सर्पहरूले देशलाई डसी असफल राष्ट्र बनाउन बेर लगाउने छैनन् ।

सम्मानित अदालतप्रतिको जनविश्वास

गोविन्द विक

आम जनमानसमा एकमात्र भरोसाको केन्द्र बनेको सम्मानित अदालतले संविधान सम्बत तवरबाट अहिलेको मुद्धा किनारा लगाउनेमा कसैमा दुविधा नभएको हुनाले यसमा सम्मानित अदालत कसैको प्रलोभनप्रति रूची राख्नु हुदैन भन्ने मान्यता हो ।

प्रतिनिधि सभा विगठनको मुद्धाको सवालमा अदालतमा बहस चलिरहेको छ। सत्तासिन दल नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीद्धारा गरिएको प्रतिनिधि सभा विगठनको कदम संवधानिक या असंवैधानिक भन्ने कुराको छिनोफानो गर्ने एक मात्र निकाय भनेको अदालत नै हो। अदालतको बहसमा सबैको ध्यान गएको छ।

अदालतले विगठनको कदमलाई उल्टयाउछ या सदर गर्छ सबैको चासोको विषय बनेको छ। संविधानको दृष्टीकोणबाट विश्लेषण गर्दा यो कदम गलत हो भन्नेहरूको ठूलै भिड जमिरहेको छ। सत्तासिन दल तथा सत्ता बाहिरका दलहरू आ आफ्नै तजविजीमा यसको व्याख्या र विश्लेषणमा जुटिरहेका छन ।

बहसको क्रममा प्रधानन्यायधीशका प्रश्नहरूले त्यत्तिकै तलङगीत बनाइरहेको महसुस सहजै गर्न सकिन्छ। प्रधानन्यायधीसका प्रश्नहरूको फेहरिस्त केलाउदा पूर्वाग्रहको गन्ध हो की भन्ने कानुन व्यवसायिहरूको नै आसंका गरिरहेका छन। लोकतन्त्रको रक्षा गर्दै जनहितमा न्यायिक निरुपण गर्ने जिम्मेवारी सम्मानित अदालतको भएको हुनाले सबैले अदालतप्रति भरोसा राख्नु स्वभाविक नै छ।

संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी विभिन्न विकल्पहरूसहित उपधारा व्यवस्था भएपनि ती विकल्पहरूको प्रयोग किन गरिएन भन्ने प्रश्न तेस्राउनेहरू पनि छन। संसदीय अभ्यासमा नै जान नदिइ आफूलाई अविश्वासको प्रस्तावबाट सहजै हटाउने संकेत मिलेपछि ओलीले सिधै संसदलाई भत्काइदिएका थिए। उक्त निर्णयलाई एक सेकेन्ड पनि थाती नराखी राष्ट्रपतिबाट अनुमोदन भएको थियो।

विगतमा पनि प्रधानमन्त्रीले गरेका निर्णयले राष्ट्रलाई उल्झनमा पार्छ भन्ने लागेर राष्ट्रपतिले निर्णय फिर्ता पठाएका नजिरहरू पनि नभएका हैनन। तर यसपालीको घटनामा त्यसतो विवेकको प्रयोग भएन। त्यसैले न्यायलयप्रति नै संकाआसंका गर्नुपर्ने अवस्था सिर्जना नहोस भन्ने आम जनमानसको धारणालाई बुझ्न जरुरी छ।

गुट बनाएर संसदमा जागिर खान पाइन्छ भनेर प्रधानमन्त्रीले सांसदहरूप्रति निम्छरा आरोपहरू लगाउदै हिडेका छन। प्रधानमन्त्री ओलीले अव संसद पुन स्थापना नहुने मैले सबै सेटिङ मिलाइसके भनेका कुरा पनि विभिन्न सञ्चार जगतबाट बाहिर आएका थिए। के सम्मानित अदालतमा भइरहेको वहसले प्रधानमन्त्रीको भनाइलाई पुष्टी गर्न सहयोग गरेको हो त ? ताजा जनादेशमा जानु त ठिक हो तर जनादेशमा जानका लागि हुकुमी आदेशले हैन संविधानले निर्देश गरेअनुसार चुनाव गर्नुपर्ने कुरा त आम।

आम जनमानसमा एकमात्र भरोसाको केन्द्र बनेको सम्मानित अदालतले संविधान सम्वत तवरबाट अहिलेको मुद्धा किनारा लगाउनेमा कसैमा दुविधा नभएको हुनाले यसमा सम्मानित अदालत कसैको प्रलोभनप्रति रुची राख्नु हुदैन भन्ने मान्यता हो।

सम्मानित अदालतले विगतका अभ्यासलाई हैन संविधानलाई मुल आधार बनाएर फैसला गर्नेमा सबैलाई विश्वास छ। प्रतिनिधि सभा विगठनको मुद्धा छिनोफानोको समय लम्बीदै जानु भनेको मुलुक राजनैतिक अस्थिरताप्रति उन्मुख हुँदै जानु हो। प्रतिनिधि सभा विगठनको विरुद्धमा मुद्धा दर्ता गर्ने पक्षबाट वहस सकिएको छ।

उक्त वहसमा प्रतिनिधि सभा कुनै पनि हालतमा पुनस्थापित हुनुपर्दछ भन्ने जिकीर रहेको पाएको छ भने अब सरकारी वकीलका तर्फबाट वहस सुरु भइसकेको हुनाले यसको सकरात्मक नतिजा चाडै आउने पक्का नै छ। जे होस मुलुकलाई अस्थिरतामा जान रोक्नका लागि लोकलन्त्र रक्षाका लागि सम्मानित अदालतको सर्वोपरी जनहितमा निर्णय आउन धेरै कुर्न नपर्ने देखिएको छ। जसले गर्दा सम्मानित अदालतप्रतिको विश्वास आम जनतामा बढिनै रहेको पाइन्छ।

सम्पादकीय

जनघाती आम हड्ताल बन्द गर

नेकपाको प्रचण्ड-माधव समूहले २२ गते बिहीबारका दिन आम हडताल घोषणा गरेर नेपाली जनतालाई आघात पुग्ने घोर जनघाती र जनविरोधी कार्य गरेको छ । प्रधानमन्त्री केपी ओलीले गरेको संसद विघटनको असंवैधानिक कदमको विरोध गर्न विभिन्न ठाउँ सभा, समारोह ऱ्याली र विरोध प्रदर्शन गरिरहेको उक्त समूहले एकाएक आम हडताल जस्तो जनजीविकामा प्रत्यक्ष असर पार्ने विरोधको कार्यक्रम अघि सार्नु विल्कुलै उचित थिएन । बन्द हडताल नचाहने जनताले यसको सर्वत्र विरोध गरिरहेका छन् र जो कसैले पनि बन्द हडताल जस्ता जनतामारा विरोध कार्यक्रम ल्याए त्यसको सबैले एक स्वरले विरोध गर्न आवश्यक छ ।

नेपाली जनताले विगतमा सयौं पल्ट बन्द हडताल भोगिसकेका छन् । बन्द हडतालको कारण वाक्क दिक्क भएका जनताले कतिपय ठाउँमा ठूलो साहसका साथ प्रतिकार गरेर कहिल्यै कसैको हडताल नस्वीकार्ने निर्णयमा समेत पुगेका छन् । उदाहरणका लागि झापाको सुरूङ्गा बजार जोसुकैले गरेको हडतालमा पनि खुला रहन्छ । मुलुकको अर्थतन्त्र जर्जर रहेको अवस्थामा अहिले गरिएको आम हडतालले थप गम्भीर असर पुऱ्याउँछ । विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ कोरोना भाइरसको महामरीको कारण लामो समयसम्म देशको आर्थिक गतिविधि ठप्प रहेर जनजीवन अत्यन्तै कष्टकर बन्न पुग्यो । आफ्नो काम गरेर दैनिक जीवनयापन गर्ने जनता भोकले व्याकुल भएर दाताहरूले सडकमा बाँडेको खाना खाने अवस्थामा पुगे । यो जर्जर र पीडादायी अवस्थाबाट अझै जनता मुक्त हुन सकेका छैनन् । अझै पनि थुप्रै व्यापार व्यवसाय बन्द अवस्थामा रहेका छन् । स्कुल, कलेज, फिल्महल, कतिपय व्यापारिक प्रतिष्ठान, पार्टी प्यालेसहरू खुलिसकेको अवस्था छैन । पर्यटन क्षेत्र ठूलो संकट झेलिरहेको छ । यस्तो अवस्थामा आम हडताल जस्तो घोर जनविरोधी विरोध कार्यक्रम अघि ल्याउने राजनीतिक दलको निर्णय रहेको भन्न कुनै अत्युक्ति हुने छैन ।

मुलुकलाई द्वन्द्वको भुमरीतर्फ धकेल्ने प्रधानमन्त्री केपी ओलीको कदम उत्तिकै निन्दनीय रहेको छ । राजनीतिक मुद्दाको छिनोफानो गर्ने थलो संसद हुँदाहुँदै ओलीले संसदको घाँती निमोठेर भिडन्तको लागि मैदानमा उत्रिएका छन् । आफैं ठूलो गल्ती गरे पनि मिडियामा उनका उत्तेजित भाषण बजिरहेका छन् भने आफैं सडकमा ओर्लिएर जनतालाई दुःख दिने काम गरिरहेका छन् । आमसभा कस्तो हुन्छ म देखाइदिन्छु भनेर उनी लल्कारी रहेका छन् । राज्यको शक्ति, स्रोत साधनको सकेसम्म दोहन गरेर कार्यकर्ता ओसारेर विपक्षीलाई कासउन्टर दिइरहेका छन् । प्रधानमन्त्री दिनानुदिन निरंकुश बन्दै गइरहेको उनका कमले स्पष्ट पार्छ । संसदीय सुनुवाई बेगरै सबै संवैधानिक निकायहरूमा पदाधिकारी ओलीले नियुक्त गरेका छन् । निर्वाचन घोषणाको बेवास्ता गर्दै उनले ७७ वटै जिल्लामा भूमि व्यवस्था आयोगका पदाधिकारी मनोमानी ढंगले नियुक्त गरेका छन् ।

प्रधानमन्त्रीको तानाशाही ढंगको कार्यको विरोध गर्ने थुप्रै तरिकाहरू हुँदाहुँदै आम हडताल घोषणा गर्ने मुर्ख बुद्धि प्रचण्ड माधव समूहले नगरेको भए राम्रो हुने थियो । नहुने गल्ती भइसकेकाले आगामी दिनमा यस्ता खाले देश र जनतालाई प्रत्यक्ष असर पुऱ्याउने जनविरोधी कार्य कसैले पनि नगरोस् भन्ने आम जनताको भावनालाई सबैले कदर गरेर जानुपर्छ । जनताको नाममा त्यसमा पनि मजदुर किसान र गरिब जनताको नाममा राजनीति गर्ने कम्युनिस्ट पार्टीले गरिखाने वर्गलाई कामदेखि विमुख पार्ने काम कदापि गर्नु हुन्न । बन्द हडतालजस्ता कार्यको सबैले विरोध गरौं ।

झापा विद्रोह, पूर्तिघाट बैंक संघर्ष र नेपालको गणतन्त्र-२

सुदर्शन प्रधान

नेपालको झापाबाट केवल १५ र २० किमी पर पर्ने नक्सलवादी अनि त्यहाँको आन्दोलनबाट नेपाली केही युवाहरू प्रभावमा परे। र नक्कल गर्दै त्यताको जमिन्दारहरूको टाउको काट्न थाले, कुनै मजदुर किसानहरूको हकहित र अधिकारको लागि संघर्ष र आन्दोलनको उठान हैन। केवल व्यक्ति हत्या आतंकवाद मात्र। जुन कारणले उनीहरूका कुनै जनाधार थिएन। त्यसको परिणाम पञ्चायती सत्ताका सेना, प्रहरी, गुप्तचरहरूबाट प्रायः सबै नेतृत्वहरू समाप्तिए।

मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सि.पी. मैनाली, खड्ग ओली, कृष्ण कुइँकेल इत्यादि। गरीब किसान र कुनै पहुँच नभएका कृष्ण कुइँकेल लगायत पाँचजनालाई झापाको सुखानिको जंगलमा लगि पञ्चायती सत्ताका प्रहरीहरूले गोली हाने र मारे। अरूलाई काठमाडौंको केन्द्रीय कारागार र नख्खुजेलमा सारे।

सन् १९७४ मा सि.पी. मैनालीको नेतृत्वमा केन्द्रीय कारागारमा सुरुङ खनेर गोपाल शाक्य, प्रदीप नेपाल, नरेश खरेललगायत झापाली विद्रोहीहरू फरार भए। सन् १९७८ मा मोदनाथ प्रश्रित, मदन भण्डारी, जीवराज आश्रितहरूको मुक्तिमोर्चासँग मिलेर सि.पी.को नेतृत्वमा नेकपा (माले) गठन भयो।

यो पार्टी संगठन विस्तारको लागि अनेरास्ववियु (पाँचौं) मा टेकेर अगाडि बढ्यो। रामपुर कृषि क्याम्पस चितवन, पृथ्वीनारायण क्याम्पस पोखरा, विराटनगर क्याम्पस र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर र त्यस वरपर सि.पी. र मदन भण्डारीको बास हुन्थ्यो। उनीहरूले विद्यार्थीहरूको जगमा आफ्नो पार्टीलाई राष्ट्रव्यापी विस्तार गर्न सफल भए। तर क्रान्तिकारी सैद्धान्तिक मार्गदर्शनबाट परपर भारदै गए।

झापा विद्रोहको मूल पृष्ठभूमि भएको ने.क.पा. (माले) सन् १९७८र७९ सम्म युवा शक्तिलाई प्रभाव पार्न वर्ग सत्रुको रगतले नरंगिएकाहरू कम्युनिष्ट नै हैनन् सम्म भन्थे आफ्नो मूल दस्तावेज वर्ग(संघर्षमा।

यी शब्दहरू तत्कालीन अवस्थामा ने.क.पा.(मशाल) तिर परी लक्षित हो, जुन पार्टी राष्ट्रव्यापी संगठन विस्तारमा मालेको मूल प्रतिस्पर्धी थियो। तर मोहन विक्रम सिंह नेतृत्वको मशाल मात्र हैन कि सि.पी. मैनाली नेतृत्वको ने.क.पा. (माले) स्वयं ले पनि आफ्नो जीवनकाल भरि गाउँका जाली फटाहहरू, जमिन्दार, सुदखोरहरू, तस्करहरू विरुद्ध कुनै संघर्ष र आन्दोलन गरेको रेकर्ड छ? छैन, हुँदो हो त ती प्रतिक्रियावादीहरूको संरक्षणमा पञ्चायती सत्ताका प्रहरी र सेनाहरू दमन गर्न अगाडि सर्थे। जसको विरुद्धमा छापामार संघर्षको कार्य दिशा लिन बाध्य हुन्थे र शसस्त्र संघर्ष को तयारी गर्न।

स्मरण रहोस् राजतन्त्रात्मक पञ्चायती सत्ताको विरुद्धमा पंक्तिकार आबद्ध रहेको तत्कालीन सर्वहारावादी श्रमिक संगठन एकमात्र शसस्त्र संघर्ष गरी दुश्मनको सत्ता ढाल्ने नीतिमा कटिबद्ध थियो।

नवलपुरको बेलुवाका जाली फटाह र नरबहादुर घर्तीको हत्यारा बद्रीनाथ वास्तोला, काउले गाउँका ६४ घरपरिवार बाढी पीडित जनताको जग्गा जमीन भित्रभित्रै बिक्री गरेर धन कुम्ल्याउने तत्कालीन लुम्बिनी अञ्चलका अञ्चलाधिस काजीमान कन्दवासहित संखदेवका महाफटाहा दलबहादुर जिम्बुवाल र मुकुन्दपुर वेल्दीहाका फटाहा ऋषिराम पौडेललाई कालोमोसो दलेर गाउँ घुमाउने संघर्षहरू क्रमश सन् १९८२ अक्टोबर, १९८४ में र १९८५ अगस्तमा भएको थियो।

यस्ता थुप्रै छापामार कारबाही र संघर्षहरूको उत्कर्ष नै सन् १९८४ अगस्तको पुर्तिघाट बैंक संघर्ष हो। जुन संघर्षबाट तत्कालीन समयमा रु. ५ लाख २० हजारको सुन पार्टीलाई प्राप्त भएको हो। रगत बगाएर प्राप्त भएको यो धन शसस्त्र संघर्षको लागि हतियार, लजिस्टीक माल सामान, पुस्तक सामग्री र प्रशिक्षण सञ्चालन गर्दै दुश्मनको किल्लाहरूमा धावा बोल्दै अगाडि बढ्न पर्थ्यो। जसरी क्युवाका नायक फिडेल क्यास्ट्रो, चे ग्वे वराहरूले नयाँ ईतिहासरचेर साढे दुई वर्षमा भनौंसन् १९५६मा थालेको गुरिल्ला युद्ध सन् १९५९ मा सम्पन्न भयो। र समाजवाद स्थापना भयो।

(क्रमशः)

मैले देखेको १५६ औं विश्व पर्यटकीय स्थल

ल्हासाको पोटाला दरबार

सुरेन्द्र ढकाल

बीचको रातो दरबार यस्तो रहेछ

दरबारको माथिल्लो भागमा रहेको सुनौलो छाना भएको मन्दिर

दुई रानी हरित तारा र श्वेत ताराको बीचमा सम्राट स्रङ चङ गम्पो

दरबार प्रवेश गर्दाको ढुंगे सिंढी (भन्याङ)

दरबारको भित्री भागका कक्षहरू यस्ता बहुमूल्य रहेछन्

परबाट हेर्दा पोतला दरबार यस्तो देखिन्छ

प्रवेशद्वारसहित सेतो दरबार यस्तो रहेछ

सेतो दरबारभित्रको दुई विशाल थाङ्का

ब्हाइट पेगोडा अवलोकन गरी बेजिङको मुख्य रेलवे स्टेसन त्यही अक्टोबर १, २००५ को रातिको ९ बजे म ल्हासातिर हानिएँ। सि निङ र गोर्मु हुँदै अक्टोबर ३ को बेलुकी ९ बजेतिरै म ल्हासा रेलवे स्टेसन आइपुगे। ल्हासाका लागि नेपाली महावाणिज्य दूत मित्र श्री लिलामणी पोखरेलले मलाई लिन मोटरसहित ड्राइभर पठाइ दिनुभएको रहेछ। बाँकी ३ दिन ल्हासामा उहाँकै निवासमा बिताए। भोलिपल्ट अक्टोवर २ का दिन उहाँले नै पोटाला दरबारको प्रवेशका लागि आवश्यक व्यवस्था मिलाइदिनु भएको रहेछ किनकी सामान्य टुरिष्टलाई टिकटमात्रै पाउन पनि २ दुई दिन कुर्नुपर्ने रहेछ। भोलिपल्ट बिहान चिया सिया खाएर बिहान साढे आठ बजे नै म पोटाला दरबार प्रवेश गर्ने लाममा उभिइसकेको थिएँ।

पोतला दरबार

सन् १६४९ देखि १९५९ सम्म यो तिब्बती दलाई लामाको त्चोङ वास्तुशैलीमा ३७०० मिटरको उचाइमा ल्हासा उपत्यकास्थित रातो पहाड (रि-मार्पो) को छेवमा बनेको हिउँदकालिन दरबार रहेछ।

सन् १९९४ देखि यो विश्व सम्पदामा सूचीकृत पनि भएको रहेछ। पोतालाका पर्वतबाट यसको नाम पोताला दरबार हुन पुगेको रहेछ। बोधिसत्व अवलोकितेश्वरको पौराणिक निवासको रुपमा ५औं दलाई लामाले दरबारको बीचको आधुनिक खण्ड सन १६४५ मा निर्माण शुरु गरेको बताइँदो रहेछ।

दलाई लामाका आध्यात्मिक सल्लाहकार कोन्चोङ छोपेलले यस दरबारलाई सरकार संचालनको केन्द्र बनाउँदा हुने सल्लाहदिएका रहेछन्। सोहीअनुरुप यो दरबार क्षेत्र प्रशासन, राज्यसंचालन र धार्मिक क्रियाकलापको केन्द्र बनेको रहेछ। यो दरबार ल्हासाको दुई महत्वपूर्ण द्रेपुङ र सेरा गुम्बा (बौद्ध बिहार) को बीचमा अवस्थित रहेछ।

खास भन्नुपर्दा पुरानो ल्हासा सहरमा अवस्थित रातो र सेतो गरी दुई दरबारको संयुक्त रुप नै पोटाला दरबार रहेछ जस्को निर्माण सन् ६३७ मा तिब्बती राजा स्रङ चेन गम्पोले गरेका रहेछन्। पूर्व पश्चिम ४०० मिटर र उत्तर दक्षिण ३५० मिटर फलिएको यस दरबार ३ देखि ५ मिटर बाक्लो तामाले मोरेको ढुंगाको प्लेटमाथि ठडिएको रहेछ। भूकम्प प्रतिरोधी बनाउनका लागि तामाले मोरेको जानकारी दिइँदो रहेछ।

१३ तले यस दरबारमा १ हजार कोठाहरू रहेछन्। १० हजार पवित्र वाकस (Shrine) २ लाख मूर्तिहरू भएको यो दरबारको उचाई तल उपत्यकामा रहेको भुइँतलाबाट नाप्दा ३०० मिटर रहेछ। दरबारमा दुई गजुरहरू संरक्षित रहेछन्।

उत्तर पश्चिम कुनामा रहेको गजुरको नाम फाक्पा ल्हाखाङ र अर्कोको नाम चोगेल द्रुपुक रहेछ जहाँ सम्राट स्रङ चन गम्पोले ध्यान गर्दा रहेछन्। दरबारको बाहिरी स्वरुप बन्न ३ वर्ष लागेको र भित्री सजावट सम्पन्न गर्न ४५ वर्ष लागेको बताइँदो रहेछ। ज्यादै गहन कला, जवाहरात, गहना जडित मूर्तिहरूले रातो दरबारभित्रको मुख्य कक्ष (हल) सुसज्जित रहेछ।

दरबारभित्र सम्राट स्रङ चन गम्पो, उनकी रानी हरित तारा नेपाली राजकुमारी भृकुटी तथा स्वेत तारा चिनिया राजकुमारीको कक्ष ज्यादै आर्कषक रहेछ। त्यहाँ सम्राट दुवै रानीका साथ रहेको बहुमूल्य पत्थर जडित मूर्ति पनि रहेछ। सेतो मोहोडाको तल्लो दरबारमा शाक्य मूनी र ताराको दुई विशाल थांका रहेछन। त्यहाँ आठौं दलाई लामाको चिहान पनि रहेछ।

दरबारका माथिल्लो भागमा ज्यादै आर्कषक सुनको छाना भएको मन्दिरहरूको समूह रहेछ। तिब्बतमा १९५९ मा विद्रोह हुंदा चिनिया सैनिकले फालेको विस्फोटक वस्तुको कारण यस दरवारमा क्षति पुगेको रहेछ। पछि १९६६ को सांस्कृतिक क्रान्तिताका यस दरबारमाथि प्रहारको प्रयत्न भएको तर प्रधानमंत्री चाउ ऐन लाईको व्यक्तिगत प्रयत्नले रोकिएको रहेछ।

तिब्बतीहरूको भनाइ अनुसार त्यहा भएको १ लाख हस्त लिखित ग्रन्थहरू,ऐतिहासिक दस्तावेजहरू धेरै बहुमूल्य पत्थर, हस्तकलाका बस्तुहरू, कलाकृतिहरू, मूर्तिहरू र प्राचीन हतियारहरू सबैजसो लुटिएको बताइदो रहेछ। सन १९८९ देखि १९९४ सम्म यस दरवारको बृहत जिणोध्दार कार्य भएको रहेछ। एक दिनमा १६०० पर्यटकहरूलाई मात्रै अवलोकनको लागि प्रवेश दिने नियम रहेछ। सो नियम वनाउनु अघि दिनमा ५००० सम्म पर्यटकहरूले यस दरवार अवलोकन गर्थे रे भनेको सुनियो।



पोतला दरबार परिसरमा सुरेन्द्र, अक्टोबर ४, २००५

करिव साढे नौ बजे म पोटाला परिसर हुँदै दरबार छिरको थिए त्यहाँबाट निस्कँदा दिनको दुई बजेको थियो। बाँकी समय ल्हासाको शहरको मुख्य मुख्य भाग पैदलै हिँडेर अवलोकन गरी बेलुका लिलामणीजीसंगै नेपाली खाना खाइ केही वेर गफसफ गरी आफ्नो सुत्ने कोठातर्फ लागे।

४२. इलाम-चुलाचुलीको सम्पूर्ण बस्तीलाई उठिबास गरी त्यहाँ जंगल लगाउने पञ्चायती सरकारको निर्णयविरूद्ध व्यापक जनआन्दोलन-४



■ शम्भुराम श्रेष्ठ

चुलाचुली क्षेत्रभर राजनीतिक दलहरूको रुपमा तीनवटा दलहरू निर्दल, नेपाली कांग्रेस, नयाँ मिश्रित पुरानो झापाली समूह सक्रिय थिए र कम्युनिस्ट जमातलाई पनि दलकै रुपमा लिने हो भने त्यो समेत गरी चारवटा दलहरू सक्रिय थिए भन्नुपर्छ जहाँसम्म निर्दलको सवाल छ, त्यो त शासक दल भइहाल्यो र त्यो औपचारिक रुपले सक्रिय त हुने नै भएन तर व्यक्तिगत हैसियतले भन्ने हो भने त्यसका प्रायः सबैजसो प्रधानपञ्चहरू, वडा अध्यक्षहरू वडा सदस्यहरू र जनवर्गीय संगठनहरूका पदाधिकारीहरू तथा सदस्यहरू एकदमै चुलाचुलीको पुरानो बस्तीलाई उठिबास गर्ने पञ्च सरकारको निर्णयविरुद्ध सक्रिय रुपले नै संघर्षमा उत्रेका थिए। चुलाचुली जनआन्दोलनको यो एउटा उल्लेखनीय विशेषता नै थियो र त्यस आन्दोलनको व्यापता र विजयको कारक तत्व पनि थियो, जसबाट नेपालका राजनीतिक पार्टीहरूले पाठ सिक्नु अनिवार्य नै छ भन्दा कदापि अत्युक्ति हुँदैन। यसको नकारात्मक पाठलाई राजनीतिक ब्राह्मणवादको रुपमा २०१८-१९ सालमा नेपाली कम्युनिस्ट आन्दोलनले सिकिसकेको भोगिसकेको थियो। नेपाली कांग्रेसको हकमा, त्यसका एक दुई जना कार्यकर्ता मात्र सक्रिय थिए। जहाँसम्म पुरानो र नयाँ मिश्रित झापाली समूहको सवाल छ त्यस समूहले चुलाचुली जनआन्दोलनप्रति नैतिक समर्थन निक्कै सक्रिय रुपले जनसंघर्षमा लागेका थिए।

जे होस्, चुलाचुलीको उक्त जनसंघर्ष कुनै राजनीतिक पार्टीको तत्वावधानमा भएको संघर्ष थिएन, यद्यपि नेपाली कम्युनिस्ट जमात त्यसमा विशेष रुपले सक्रिय थियो। त्यो त वास्तवमा राजनीतिक पार्टी र तिनका सिद्धान्त एवं विचारदेखि स्पष्ट रुफले माथि उठेर भएको विशुद्ध व्यापक जनआन्दोलन थियो। त्यस जनआन्दोलनको दौरान आमसभा प्रारम्भ हुनुअघि पञ्च कार्यकर्ताहरूले राजाको फोटोले मञ्च सिंगार्थे, फोटोमा फूलमालाहरू लगाइन्थ्ये। न त त्यसको विरोध हामी गर्थ्यौं, न त पुरानो र नयाँ मिश्रित झापाली कम्युनिजस्ट समूहले नै विरोध गर्थ्यो। नेपाली कांग्रेस र निर्दलवादी पञ्च कार्यकर्ताहरूले त विरोध गर्ने कुरै भएन। आधा लँगडो भएर पन, मैले जनसभा तथा आमसभाहरूलाई सम्बोधन गर्न सबै ठुम्काठुम्कीहरू र चुलाचुलीहरू हिँडेरै पुग्न चुकिन, चुक्नुभएन पनि। सुरु सुरुमा आमसभाहरूमा प्रायशः सबका सब उपस्थित हुनु नहुनु होइन, खास कुरा थितयो एक नछो.डी सम्पूर्ण जनतालाई चुलाचुलीको पुरनो बस्तीलाई उठिबास गर्ने कुराको विरोधमा संघर्षमा सक्रिय रुपले उतार्नु। हमीलाई संघर्षलाई विजयी बनाउनु छ, संघर्ष गर्नु मात्र होइन। सुरुकै कार्यकर्ता भेलादेखि त्यही उद्देश्य र त्यही उद्देश्य अनुरुपकै नीति अपनाइएको हुनाले, सबै जनसभा र आमसभाहरूमा सम्बन्धित स्थान वा क्षेत्रका सबका सब जनता उपस्थित भएर एकमतले हाम्रो प्रस्तावलाई समर्थन नगरुन्जेल पहिलो सभालाई बीचैमा स्थगित गरी दोहोऱ्याई तेहऱ्याई सभा गर्नु परेको हुन्थ्यो।

आमसभा गर्नु नै हाम्रो उद्देश्य थिएन, हाम्रो खास उद्देश्य त सम्बन्धित क्षेत्रका सबै जनतालाई सभामा उपस्थित गराई एकमतले बस्तीलाई उठिबास गर्ने पंच सरकारको निर्णयलाई खारेज गराउन एकै जनालाई पनि बाँकी नराखी सबका सबलाई संघर्षमा उतार्नु थियो। त्यसकारण चुलाचुलीका तमाम जनसमुदायहरूलाई पुरानो बस्ती उठिबास गर्ने पञ्च सरकारको जनविरोधी निर्णयको डटेर विरोध गर्दै संघर्षमा विजय प्राप्त नभएसम्म दृढतापूर्वक संघर्षमा लागिपर्ने प्रण गराउनु जरुरी थियो। त्यही कारणले गर्दा हामीहरूले आफूले सोचेको भन्दा धेरै बढ्ता आमसभाहरू गर्नु पऱ्यो।

राजाको तस्विरमा माल्यार्पण गर्ने गरी गरिएका आमसभाहरूमा सहभागी हुन आफूहरू कम्युनिस्ट भएर पनि हामीहरूले इलाम जिल्ला पञ्चायतका सभापति र सदस्यहरूलाई आमन्त्रण गर्न लगाउँथ्यौं तर उनीहरू भने हामीले पठाएका आमन्त्रणलाई स्वीकार गरेर पनि आउँदैनथे अथवा भनौं, आउन आँट गर्दैनथे। यसैलाई हामी कामरेड लेनिनको जहाँ जनसमुदायहरू छन्, त्यहाँ कम्युनिस्ट क्रान्तिहरूले पुग्नैपर्छ र तिनीहरूलाई प्रतिक्रियावादीहरूको राजनीतिक प्रभावबाट मुक्त गर्नैपर्छ भन्ने शिक्षाको पालना गरिरहेको भन्दछौं। यो नै वास्तवमा क्रान्तिकारी राजनीति हो। माथिको कुराबाट प्रतिक्रियावादी पञ्चहरू आफ्नो छायाँदेखि आफैं कसरी तर्सिन्छन् भन्ने कुरा थाहा हुन्छ।

डेढ दुई सय स्थानीय आमसभाहरू गरिसकेपछि अर्थात् चुलाचुलीका सम्पूर्ण जनता आफ्नो पुख्यौंली बस्तीलाई उठिबास गर्न नदिन जे गर्न पनि तयार छन् र त्यसको लागि जे जस्तो त्याग र बलिदान गर्न तयार भइसकेका छन् भन्ने जब हामीलाई महसुस भयो, अनि हामीले ठालूप्रसाद लावतीको हात्तीलैदा गाउँमा लगभग २०० जना प्रतिनिधिमूलक कार्यकर्ताहरूको बैठक बोलायौं। त्यस बैठकले हाम्रो संघर्षको मूल विषय अनुसारका मागहरूका नाराहरू अंकित ब्यानरहरूसहित सम्भव भएसम्म ठूलो विरोध प्रदर्शन गर्ने निर्णय गऱ्यौं। त्यो निर्णय के भएको थियो, त्यो खबर आँधीबेहरीझैं इलाम जिल्लाभर मात्रै होइन, त्यस आसपासका झापा, ताप्लेजुङ, सुनसरी र मोरङ जिल्लाहरूमा समेत फैलियो। विरोध प्रदर्शन हुने त्यो हल्लाले एकातिर इलाम घर जिल्ला भएको पञ्चायती सरकारको गृहमन्त्री पद्मसुन्दर लावतीको गोडामुनिको भुइँ फुस्किएो भने, अर्कातिर आफ्नो निजी स्वार्थको लाथिग सिंथै चुलाचुली गाउँ बस्तीलाई उठिबास गर्न तम्सेका उच्च तहका व्यक्ति विशेष, भ्रष्ट कर्मचारीतन्त्र र प्रहरी अधिकृतहरू आआफ्नो अस्थिर भविष्य, डर, त्रासले आतंकित हुन थाले। इलाम घर जिल्ला भएका गृहमन्त्री पद्मसुन्दर लावतीलाई आफ्नो जिल्लाको प्रहरी फोर्सले केही दिनपर्छि नै हुन लागेको विशेष प्रदर्शनलाई दमन गर्न सकिन्छ भन्ने कुरामा विश्वास थिएन। त्यसकारण उसले माथि उल्लेखित ४ वटा जिल्लाहरूबाट मद्दतका लागि थप प्रहरी फोर्स मगाएर दमक वरिपरि तैनाथ गरेका थिए।

तेकिएको दिन, तोकिएको समयमा ३०,००० देखि ४०,००० सम्मको विशाल विरोध प्रदर्शन गृष्मकालीन हुरी बतासझैं, असार श्रावणका वर्षादी बाढझैं, चुलाचुलीको चारै दिशालाई ढाक्दै आएर दमक पुलनेर के पुगेको थियो पाँचवटै जिल्लाबाट ल्याइएका प्रहरी फोर्सले लाठी चार्ज मात्रै गरेनन्, गोली प्रहारको साथसाथै पानी फोहाराले समेत प्रहार गर्न थाले। निर्दलवादी पञ्च सरकारका मन्त्री र प्रहरीले साथसाथै पानी फोहोराले समेत पहिलेदेखि नै थाहा थियो। त्यही कारणले विरोध प्रदर्शन गर्ने निर्णय गर्दाखेरि नै हामीले विरोध प्रदर्शनकारीहरूको निम्ति कडा आचारसंहिता पनि पारित गराएका थियौं। किनभने प्रदर्शनकारीमध्ये ७५ प्रतिशत भूपू सैनिक जवमानहरू र घरविदामा आएका सैनिक जवानहरू थिए। ती प्रदर्शनकारी साथीहरू पनि मन्त्रपि पदमसुन्दर लावती र प्रहरी अधिकृतहरू जस्तै गैरजिम्मेवार र असहिष्णु भइदिएको खण्डमा हजारौंको ज्यान जाने खतरा थियो र सहनै नसकिने गरी मार खाए पनि हाम्रा ती कार्यकर्ताहरूले बरु आफ्नो रिस फेर्न कलिला रुखहरूका फेद र झारपातहरू काटे।

हाम्रा राई लिम्बू कार्यकर्ताहरू जति झोक्की र साहसी थिए, उति नै अनुशासित पनि। यिनीहरूको यही चारित्रिक गुणले गर्दा नै हाम्रो चुलाचुलीका जनताको विजय भएको हो। औपचारिक रुपले राजाले चाहेर पनि आफ्नो हुकुम निर्देशनलाई फिर्ता लिन सकेनन र राजाले फिर्ता नलिएसम्म सरकारले उक्त हुकुम निर्देशन क्यान्सिल गर्न सकेन। संघर्ष सकेको अहिले ३१ वर्ष नाघिसक्दा पनि यो निल्नु न ओकल्नु भइरहेको छ। यथार्थतः हामीले संघर्ष जितिसकेको छौं।

रूनु स्वास्थ्यका लागि फाइदाजनक



हाम्रो समाजमा रुनुलाई एक नकारात्मक भावको रूपमा हेरिने गरिन्छ। किनकि जीवनमा दुःख, पीडा परेपछि मात्रै मानिस रुन्छन् भन्ने हाम्रो सोच छ। तर, धेरै मानिसलाई थाहा नहुन सक्छ रुनु स्वास्थ्यका लागि भने निकै फाइदाजनक छ। एक अध्ययनअनुसार रुँदा स्वास्थ्यमा हुने नौवटा फाइदा निम्न प्रकारका छन्।

शरीरलाई विकारमुक्त बनाउँछ

रुँदा शरीरलाई हानि गर्ने कोर्टिसोल नामक तनाव हार्मोनबाट छुटकारा पाइन्छ। हुन त यो कोर्टिसोल हार्मोनले राम्रो काम पनि गर्छ, तर जो व्यक्ति पहिलादेखि नै तनावमा छ उसको तनाव अझै बढाउन यो हार्मोनले मद्दत गर्छ। यसकारण रुँदा यो हार्मोनको स्तर कम हुन्छ। जसले तनावलाई बढ्न पनि दिँदैन।

भावनात्मक पीडा कम हुन्छ

कहिलेकाहीँ शारीरिक पीडाभन्दा भावनात्मक पीडा निकै खतरनाक हुन सक्छ। शारीरिक पीडालाई त औषधि सेवनले पनि कम गर्न सक्छ, तर भावनात्मक पीडा कम गर्ने कुनै पनि औषधि छैन। हुन त अचेल मनोचिकित्सकहरूले यस्ता पीडा कम गर्ने औषधि दिन्छन्, तर त्यसले निकै नै नकारात्मक असर गरिरहेको हुन्छ। यसकारण भावनात्मक पीडा कम गर्ने एउटा महत्वपूर्ण उपाय भनेको रुनु हो। वैज्ञानिकहरूले गरेको अध्ययनबाट के पुष्टि भएको छ भने रुँदा मस्तिष्कमा न्युरोट्रान्समिटर निस्कन्छ जसले भावनात्मक पीडालाई कम गर्छ।

एन्टी ब्याक्टेरियल प्रभाव

कहिलेकाहीँ रुनुले मनोविज्ञानमा मात्र नभई शरीरको प्रतिरोध क्षमतासँग पनि सम्बन्धित हुने गर्छ। सामान्यतया सुन्दा अपत्यारिलो लागे पनि रुनुले संक्रमणजन्य ब्याक्टेरियाहरू नष्ट गर्ने अध्ययनले देखाउँछ। रुँदा आँसुमा हुने लाइसोजाइम नामक इन्जाइम एन्टिब्याक्टेरियल हुन्छ। अर्थात् लाइसोजाइमले १५ मिनेटको अन्तरालमा ब्याक्टेरिया नष्ट गर्न सक्छ। अध्ययनका अनुसार आँसुमा हुने एन्जाइमले एन्थ्रेक्सको ब्याक्टेरिया नष्ट गर्न सक्छ।

दृष्टिमा सुधार

रुँदा आँखाबाट निस्कने आँसुले दृष्टिमा सुधार ल्याइरहेको हुन्छ। आँसुले गर्दा आइलिड र आइवल्सको ल्युब्रिकेट गर्ने क्षमता वृद्धि हुन्छ। साथै आँखालाई रसिलो बनाइराख्ने हुँदा सुक्खा हुनबाट बचाउँछ। सामान्यतया आँखामा लाग्ने सानो चोटपटक जस्तै धुलोको कण, धुवाँको प्रभाव आदिलाई आँसुले सफा गर्छ। जसले गर्दा आँखामा समस्या हुन पाउँदैन। आँसुले आँखामा रहेको म्युकस नामक झिल्लीलाई ओसिलो राख्छ। जसले दृष्टि सफा बनाउँछ।

बच्चाको स्वास्थ्यमा फाइदा

साना बालबालिकाको अधिकांश समय रोएर बित्ने गर्छ। सामान्यतया बोल्न नसक्ने उमेरका शिशुहरू रोएर प्रतिक्रिया जनाउने गर्छन्। बालबालिका अत्यधिक रुँदा अभिभावकले स्वास्थ्य समस्या हुन सक्ने अनुमान गर्छन्। तर, रुँदा बच्चाको स्वास्थ्यमा फाइदा पुगिरहेको पनि हुन्छ। रुँदा श्वासप्रश्वासमा सहयोग पुग्ने हुँदा जन्मिनेबित्तिकैका शिशु नरुनुलाई समस्याको रूपमा हेरिन्छ। नाभीको नाल काट्नेबित्तिकै बच्चाको सास फुकाउन आवश्यक हुन्छ, जसका लागि बच्चाले रुनु महत्वपूर्ण हुन्छ।

बच्चालाई सुत्न सजिलो हुन्छ

शिशुलाई सुताउनु अभिभावकका लागि चुनौतीको विषय बन्ने गर्छ। बच्चा रोएपछि फकाउन सजिलो भए पनि रोइसकेपछि बच्चालाई सुत्न सजिलो हुन्छ। बच्चा रोएर सुतेपछि लामो समयसम्म सुत्ने र बीचमा ब्युँझिने सम्भावना कम हुन्छ। जसले गर्दा अभिभावकलाई बच्चाको हेरचाहमा सजिलो हुन्छ।

मुड परिवर्तन

मनस्थितिमा परिवर्तन ल्याउनका लागि अनेक प्रयास गरिरहेका हुन्छन्, लोमुडको महसुस भएका व्यक्ति रुँदा आँसुमा हुने एन्टिप्रेसरले मुडमा सकारात्मक परिवर्तन ल्याउने अध्ययनले पुष्टि गरेको छ। जसले हलुका महसुस गराउँछ। रुँदा शरीरमा अक्सिजनको प्रवाह सामान्यभन्दा बढी हुने हुँदा मस्तिष्कको तापक्रम कम हुन्छ। जसले भावनात्मक रूपमा सहज महसुस हुन्छ।

प्रतिरोधी क्षमता बलियो बनाउन

अध्ययनले रुँदा शरीरको प्रतिरोधी क्षमतामा सकारात्मक प्रभाव पर्ने पनि पुष्टि गरेको छ। एलर्जीसम्बन्धी समस्या भएका व्यक्तिका लागि आँसु अझै राम्रो मानिन्छ। सामान्यतया शरीरमा एम्युनोग्लोबिनको असामान्य स्रावका कारण छालामा एलर्जीको समस्या हुने गर्छ। रुँदा इम्युनोग्लोबिन नियमित हुने हुँदा एलर्जीविरुद्ध सहयोगी हुन्छ।

इलेक्ट्रोलाइट्स

आँसु आँखामा हुने लेक्रिमल नामक ग्रन्थीबाट उत्पादन हुन्छन्। रुँदा आँसुमा हुने इलेक्ट्रोलाइट्स र प्रोटिनहरू शरीरका लागि आवश्यक हुन्छन्। आँसुमा हुने इलेक्ट्रोलाइट्समा पोटासियम, सोडियम, म्याग्नेसियम, जिंक र क्याल्सियम सामेल हुन्छन्। आँसुले उपयोगी प्रोटिन जस्तै ल्याक्टिटिन, ल्याक्टोफेरिन, लाइसोजाइम र लाइपोकोललिन पनि समावेश गर्छ। अर्थात् आँसुमा हुने इलेक्ट्रोलाइट्स र एमिनो एसिडले स्वास्थ्यमा सकारात्मक प्रभाव पारिरहेको हुन्छ।

(एजेन्सीको सहयोगमा)

यात्रा

सदाबहार यात्रा : सिलगढी बास-२

✍ - रामप्रसाद पन्त

दिदीबहिनीहरूलाई साथमा लिएर हिँडेपछि पेट टट्याएर बस्नुपर्दैन भन्ने मेरो अनुभवले यस यात्रामा पनि पुनरावृत्ति पाइरहेको थियो। त्यसैले हेटौंडा पुगेर खाना खाए पनि हुने कुरामा हामी सबै ऐक्यमत भएका थियौं। तर हाम्रो इच्छा कहाँ चल्छ र! इच्छा त कमिसनको पो चल्छ। त्यो कमिसन ड्राइभरलाई मात्र थाहा हुन्छ।

बस रामनगरको सिद्धबाबा होटल अगाडि पुगेर छेउ लाग्यो। कृषि खाद्य विभागबाट ग्रिनकार्ड पाएको रामनगरको एकमात्र होटल रे! त्यही लेखिएको थियो बोर्डमा। भात खानेलाई भात, रोटी खानेलाई रोटी, हाजिर भयो टेबुल टेबुलमा। घरमा जस्तो त कहाँ पाउनु महापथका होटलहरूमा! तर ग्रिनकार्डको इज्जत गइहाल्ने खाना चाहिँ थिएन त्यहाँ।

यात्रा जारी रह्यो यथावत् .....। पूर्व जाने बसहरूले पारस बसपार्कको परिक्रममा गर्नै पर्दो रहेछ। ज्ञानेन्द्र शासनको पालामा चाकडीवाजहरूको बोलवाला रहेछ चितवनमा पनि। र, त नाम रह्यो पारस बसपार्क। अझै पनि भनिँदो रहेछ पारस बसपार्क। नाम राखिसकेपछि मेट्न समय लाग्दो रहेछ। पूर्वराजा भन्नुपर्नेमा भनिहालिन्छ, राजा। रत्नपार्कको नाम मेट्न कति कोशिस गरियो, अझै सकिएको छैन। राजमार्ग नभनेर लोकमार्ग भन्नुपर्नेमा फुत्किहाल्छ मुखबाट।

बस सिधा पूर्व सोझिएसँगसँगै 'नाइँ नभन्नु ल–२' सुरु भयो। बच्चाबच्चीलाई नायक नायिका बनाइएको त्यस फिल्मको दोस्रो भाग धेरै यात्रुका लागि फोबिया सावित भयो। बारम्बार आइरहने गीतिगजल – मर्ने कसैलाई रहर हुँदैन, तर नमर्ने प्रहर हुँदैन। भागेर जाउँ कुन ठाउँ जाउँ, मान्छे नमर्ने सहर हुँदैन बोलको यस गजलले साँच्चै नै हामीहरूको मानसपटलमा आतङ्कै फैलायो। गीत नराम्रो होइन, गीत लेख्ने मान्छे नराम्रो होइन तर फिल्म भित्रको अत्यधिक प्रयोगले डाइबिटिजका रोगीलाई चिनी चखाइ भयो। फिल्म सकिएपछि केही साथीहरूबीच फिल्मबारे मूल्याङ्कन भयो– यस फिल्मले जनतामा के सन्देश



गयो त? हात लाग्यो शून्य। फिल्मले समाज परिवर्तन गर्नमा ठूलो भूमिका खेल्छ। सर्वसाधारणका लागि चेतना जगाउने सजिलो माध्यम हो फिल्म तर परिवर्तनशील समाजका चाहना र भावनाहरू अभिव्यक्त हुन सकेनन् नेपाली फिल्ममा। यस्तै महसुस गऱ्यौं हामीहरूले।

फिल्म सकिएसँगसँगै भाते निद्राले छोइहाल्यो। काठमाडौं छाडेपछि सिटमै पानी दर्केला भन्ने समस्या त भएन तर बसको सिटमा चैनसँग निदाउन त कहाँ पाउनु? कोही निदाए पनि होलान्! म भने आँखा चिम्लेरै निद्राको तीर्खा मेट्ने मान्छे परें, त्यसै गरें।

'कोसी ब्यारेज आयो, नदी तर्दा निदाउनुहुन्न, बगिन्छ' भन्ने तुलसीवाणी कानमा परेपछि सायद धेरैको निद्रा खुल्यो। तबसम्म आकाश उज्यालिन थालेको थियो। दमक पुग्दा आकाशका छरिएको प्रकाश धर्तीतिर पनि ओर्लियो। महापथ छेउछाउको जङ्गलमा उम्रिएका चिहानहरू देखेर दिक्क लाग्यो। सुरुङ्गा, बिर्तामोड, चारआली, धुलाबारी हुँदै हामी काँकडभित्ता बसपार्कमा ओर्लिंदा प्रात : ७:४५ भएको थियो।

डिकीबाट सामान निकाल्दा पो थाहा भयो– भारतीय नेपाली साहित्यकारका लागि कोसेलीस्वरुप ल्याइएका किताब र पत्रिकाहरूले मजैले पानी खाएर ढाडिएछन्। डोरी फुकेर छरिएका र कच्याककुचुक भएका किताबहरूलाई जनतसाथ राख्न ठूल्ठूला प्लाष्टिक झोलाहरू किनियो र पोका पोका पारियो।

त्यहाँबाट हामीले कान्तिपुरका झापा सम्वाददाता पर्वत पोर्तेल र इलामका कवि विमल वैद्यलाई साथ लिनुथियो। फोन सम्पर्क भयो दुवैसँग। एक जना भर्खर उठेर तयारीमा जुट्दै छन् रे! अर्का बाटैमा। एक घण्टा बढी लामो कुराइमा परियो त्यहीं। न शौच जानु, न हातमुख धुन पाउनु, न चियापान गर्नु, न बस्न पाउनु, छटपटीमा पऱ्यौं हामी। यो कसको दोष हो? यस दोषको भागीदार को हो? पत्रकारिता र कवित्वको शक्तिले पो काम गरेको हो कि अरु कुनै तत्वले? मैले भेउ पाउन सकिनँ। कुनै प्रश्न पनि गरिनँ।

त्यसै बीचमा झापाली कवि पुण्यप्रसाद खरेल आइपुगे। उनले झापाको साहित्यिक गतिविधि वर्णन गरेर केही बेर भुलाए। त्यसै बसपार्क भित्र बनेर अनावरण गर्न बाँकी रहेको महाकवि देवकोटाको सालिक उनैको संयोजकत्वमा निर्माण भएको रहेछ।

सिलगढी जानका लागि दुईवटा जीप तयारी अवस्थामा थिए। पत्रकार र कवि आउने बित्तिकै हामी प्रस्थान गरिहाल्यौं – ९:१५ मा। मेची पुलमाथि गुड्दै गर्दा मैले नदीको पानीलाई 'बिचरा' भनें। मैले सोचेको मेचीनदी 'नदी' रहेनछ, बाग्मती जस्तै पो रहेछ। विशाल बगरमा जताबाट डोऱ्याए पनि हुने, जताबाट कुल्याए पनि हुने। २५ वर्षअघि मैले पुलको वल्लोछेउमा उभिएर हेर्दा सायद वर्षाको बेला थियो होला!

मेरो लागि पश्चिम बङ्गाल नयाँ गन्तव्य।

मेची पुलपारि भारतीय सिमास्थित पानीट्याङ्की पुग्दा बजारमा देवनागरी, अँग्रेजी र बङ्गाली लिपिका बोर्डहरू प्रशस्तै देखिए। तर जीप भने मूलमार्ग छाडेर सहायक मार्गतिर कुद्न थाल्यो।

'किन?' मैले प्रश्न गरें ड्राइभरसँग।

मेनरोडमा भीडभाड हुन्छ, हामी यताबाट चाँडै पुग्छौं र भेट्टाउँछौ मेनरोड– ड्राइभरले मेरो जिज्ञासा मेट्यो।

दश/पन्ध्र मिनेटमै भेटियो मुख्य मार्ग।

बाटो सफा, सिधा र फराकिलो थियो।

नक्सलबाडीको भूमिमा कुद्दै गर्दा मातृका पोखेलले दुई सय मिटरजति पर लाइनै ठड्याइएका पाँच वटा सालिक देखाउँदै भने – नक्सलबाडी आन्दोलनका नायक चारु मजुमदारको सालिक तिनैमध्येको एक हो।

कसैले हेलमेट गलाएका, कसैले नलगाएका मोटरसाइकल चालकहरू देखेर मैले अर्को प्रश्न गरें ड्राइभरसँग – 'के लगाउनु पर्दैन हेलमेट?'

उसले रमाइलो उत्तर दियो– 'बङ्गाली दादाहरूलाई कसले रोक्ने? पुलिस पनि डराउँछ उनीहरूदेखि।'

बेलगाछी आयो। चिम्नीबाट धुवाँ फ्याँक्दै गरेका केही कारखानाहरू देखिए। सविस्तार फैलिएको सुन्दर चिया बगान आयो। तलपट्टि हाँगाबिँगा नभएका, कम मोटा, सुरिला र अग्ला रुखहरूले थप शोभा दिइरहेको देखियो चियाबगानलाई। तत्क्षण आइपुग्यो बागडोग्रा बजार। 'बागडोग्रा' बङ्गालको कहलिएको ऐतिहासिक ठाउँ। पुरानो विमानस्थल। सात सालपछि खेदिएका र नेपालबाट कलकत्तामा अथाह सम्पत्ति भिफ्याएका महावीर शमसेरले आफ्नै निजी विमान चढेर बागडोग्रा उत्रन्थे रे!

(क्रमशः)

कैदीबन्दीलाई पुस्तक

काठमाडौं। महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट कारागार कार्यालय, भिमफेदीमा रहेका कैदीबन्दीहरूको लागि मिति २०७७ माघ ३ गते पुस्तक हस्तान्तरण गरिएको छ। कारागार कार्यालय, भिमफेदीको परिसरमा आयोजित एक कार्यक्रमका बीच महान्यायाधिवक्ताको कार्यालयका सहायक न्यायाधिवक्ता श्री शिव वाग्लेले कारागार कार्यालय, भिमफेदीका प्रमुखलाई पुस्तक हस्तान्तरण गर्नुभयो।

सो हस्तान्तरण कार्यक्रममा सहायक न्यायाधिवक्ता श्री शिव वाग्लेले माननीय महान्यायाधिवक्ताज्यू तथा उहाँबाट आफुमा निहित अधिकारको प्रयोग गरी मातहतका अधिकृतहरूलाई अधिकार प्रत्यायोजन भए अनुसार नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ताले कारागार र हिरासतमा रहेका थुनुवा तथा कैदीहरूको मानव उचित व्यवहार भए नभएको समेतका विषयमा अनुगमनका कार्य प्रत्येक वर्ष हुदै आएको छायसप्रकार भएका अनुगमनका सिलसिलामा कारागारहरूमा रहेका पुस्तकालयहरूलाई थप सुदृढ तुल्याउनुपर्ने देखिएको तथा सामान्य लेखपढ गर्न जान्ने तथा उच्च शिक्षा हासिल गरिसकेका थुनुवा तथा कैदीबन्दीहरूका लागि सुहाउँदा पुस्तकहरूका साथै कैदीबन्दीहरूका हक अधिकारका सम्बन्धमा के के व्यवस्थाहरू रहेका छन आफूलाई कुन दफा अन्तरगत मुद्दा चलाइएको हो के कति कैद भुक्तान गरिएमा छुटकारा पाउन सकिन्छ मुद्दाको पुनरावेदनको प्रक्रिया के के हो जस्ता विषयमा शिक्षीत कैदी बन्दीहरूले आफै अध्ययन गर्न सकुन भनेर नै महान्यायाधिवक्ताको कार्यालयले ऐन नियमका पुस्तकहरू समेत प्रदान गरेको जानकारी गराएका थिए।

म्यानमारमा फेरि लोकतन्त्रको हत्या

विष्णु भट्टराई

लोकतन्त्रको संस्थागत विकासमा अघि बढ्दै आइरहेको दक्षिणपूर्वी एसियाली मुलुक म्यानमारमा फेरि त्यहाको सेनाले 'कू' गर्दै शासन सत्ता आफ्नो हातमा लिएको छ। मुलुकको प्रतिरक्षामा खट्ने निकायको रूपमा रहने सेनाले राजनीतिक रूपमा नै कू गर्दै शासनसत्ता आफ्नो हातमा लिने कार्यलाई कुनै पनि लोकतान्त्रिक समाज र राष्ट्रले समर्थन गर्न सक्दैन। यो लोकतन्त्रमाथिको कालो धब्बा हो। त्यसैले, म्यानमारमा भएको सैनिक 'कु'को विश्वव्यापी रूपमा विरोध गरिएको छ। सम्पूर्ण विश्वजगत्ले त्यहाँको सेनालाई त्यस्तो कार्य सच्याउँदै लोकतन्त्र पुर्नस्थापित गराउन तीव्र दबाबसमेत दिइरहेको छ। सेनाको यो कदमले म्यानमारको लोकतन्त्रको संस्थागत विकासमा गम्भीर आघात पुगेको छ।

सोमबार बिहान सेनाले राष्ट्रपति विन मिन्टलगायतका नेतालाई हिरासतमा लिनुका साथै नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) की नेतृ आङसान सुकीलाई गिरफ्तार गर्दै सत्ता कब्जामा लिइएको घोषणा गरेको थियो। त्यसलगत्तै सेनाले एक वर्षका लागि संकटकालसमेत घोषणा गऱ्यो। जसका कारण त्यहाको लोकतन्त्रमा कालो धब्बा लाग्न पुग्यो।

म्यानमारको सेनाले निर्वाचनमा व्यापक धाधली भएको र सत्तारूढ दलले व्यापक विकृति निम्ताएको भन्दै शासनलाई निश्चित ट्र्याकमा फर्काउन सत्ता हातमा लिनुपरेको दाबी गरेको छ। तर, राजनीतिक दलहरू हरेक राजनीतिक प्रणाली र शासकीय स्वरूपको समेत जीवनरेखा (लाइफलाइन) हुन्। त्यसैले जतिसुकै कमजोरी भए पनि मुलुकको राजनीति र शासनप्रणाली सञ्चालन गर्ने राजनीतिक दलहरूले नै हो, सेनाले होइन। कुनै पनि मुलुकमा सेना राजनीतिबाट हुर्किकएर आउने पक्ष होइन। सेनाले राजनीति गर्नु भनेको मुलुकलाई उल्टो दिशामा हिँडाउनुसरह हो। त्यसैले म्यानमारको शासन प्रणाली अहिले उल्टो गतिमा हिँड्न पुगेको छ। अतः सेनाले छिटोभन्दा छिटो आफ्नो कदम सच्याएर निर्वाचनमा बहुमत ल्याएको दललाई सत्ता सुम्पिन ढिलाइ गर्नुहुँदैन।

अहिले सारा विश्वमा नै लोकतन्त्र हरेक व्यक्तिको जीवन चर्याजस्तै बन्दै आइरहेको छ। लोकतन्त्रले मानिसको पूर्ण स्वतन्त्रताको रक्षा गर्छ भने मानवअधिकारको समेत पूर्ण रूपमा जगेर्ना गर्छ। तर, विश्वव्यापी रूपमा लोकतन्त्रको दुरुपयोग हुने क्रमसमेत बढ्दो छ। लोकतन्त्रमा स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन। तर, अहिले लोकतन्त्रको नाममा विकृति र अराजकतासमेत बढ्दो क्रममा छ। लोकतन्त्र सञ्चालन गर्ने राजनीतिक दल र तिनका नेताहरूमा राजनीतिक संस्कारको अभाव देखिँदा कहिलेकाहीँ लोकतान्त्रिक मुलुकमा यस प्रकारका संकट र समस्याहरू देखिने गर्छन्। सेनालगायतका अन्य निरंकुश शक्तिहरूले राजनीतिक दलमा देखिएको यही विकृत पक्षबाट क्षणिक लाभ पनि लिन सक्ने भएकाले लोकतन्त्र सञ्चालन गर्ने राजनीतिक दल र नेताहरूले पनि आफूलाई पूर्ण रूपमा सच्याएर जनताको असल सारथिको रूपमा विकास गर्न सक्नुपर्छ।

म्यानमारमा यसअघि पनि सेनाले सैनिक शासन सञ्चालन गर्दै आएको हो। त्यसैले अहिलेका घटना नयाँ होइन। सन् २०११ सम्म त्यहाँ सेनाले प्रत्यक्ष रूपमा नै शासन गर्दै आएको थियो। त्यसपछि लोकतन्त्रको स्थापना भए पनि सेनालाई संविधानमा दिइएको महत्वपूर्ण अधिकार र आरक्षणका कारण सेना त्यहाको राजनीतिमा सधैं निर्णायक र शक्तिशाली नै देखिँदै आएको छ। गृह, रक्षा तथा अन्य सुरक्षा मामिलालगायतका मन्त्रालहरू सेनाको कोटामा राखिनेगरी बनाइएको शासकीय प्रणाली नै त्रुटिपूर्ण छ। त्यसैले, आगामी दिनमा त्यहाँका दलहरूले सेनालाई राजनीतिबाट पूर्ण रूपमा मुक्त बनाउनेगरी नया संवैधानिक व्यवस्थाको स्थापना गर्न जरुरी छ। सेनालाई राज्यको सुरक्षामा लगाउने हो, शासन सञ्चालनका महत्वपूर्ण अवयवमा सेनालाई कुनै स्थान दिन आवश्यक थिएन र छैन। त्यसैले, म्यानमारमा लोकतन्त्रमा पोतिएको कालो धब्बाविरुद्ध त्यहाँका जनताले थालेको आन्दोलनले लोकतन्त्रको छिटै पुनर्वहाली गराएरै छोड्ने विश्वास व्यक्त गर्न सकिन्छ।

केही दिनदेखि सेनाले सत्ता विद्रोहको तयारी गरिरहेको छ भन्ने समाचार सार्वजनिक भए पनि सेनाले त्यस्तो खबरमा सत्यता नरहेको बताउँदै आएको थियो। तर नयाँ निर्वाचन भएर नयाँ संसदको बैठक आजै शुरु हुने दिन बिहान सेनाले सत्ता विद्रोह गरेको छ।

राजनीतिक नेताहरूलाई सैनिक नियन्त्रणमा राख्ने र अन्य संचार सम्पर्क विच्छेद गर्ने निर्णयले सेनाद्वारा सत्ता नियन्त्रण गरेको प्रस्टै देखिएको छ। राजधानी न्यापिटअको फोन र इन्टरनेट सेवा काटिएको छ भने सुकीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) को पार्टी कार्यालयसँगको सम्पर्क टुटेको छ।

इरावादी नामको अनलाइन सेवाले स्टेट काउन्सिलर समेत रहेकी आङ सान सुकी र देशका राष्ट्रपति विन मिन्ट दुबैलाई बिहानै नजरबन्दमा राखिएको जनाएको छ। इरावादीका अनुसार एनएलडीका केन्द्रीय कार्यकारी समितिका सदस्यहरू, सांसदहरू र क्षेत्रीय मन्त्रिपरिषदका सदस्यहरूलाई पनि गिरफ्तार गरिएको छ।

अमेरिका, अस्ट्रेलिया र अन्य मुलुकले विज्ञप्ति प्रकाशन गरी म्यान्मारको पछिल्लो अवस्थाप्रति चिन्ता प्रकट गर्दै म्यान्मारको सेनालाई कानुनी शासनको सम्मान गर्न आग्रह गरेका छन्।

वासिङ्टनमा ह्वाइट हाउसकी प्रवक्ता जेन साकीले एक वक्तव्य प्रकाशन गरी म्यान्मारको लोकतान्त्रिक संक्रमणकालीन स्थितिलाई नजरअन्दाज गरी बर्मेली सेनाले गरेका कुनै पनि कार्यप्रति अमेरिकाको समर्थन नरहने अमेरिकी धारणा प्रस्ट रहेको बताउनु भएको छ। उहाँले स्टेट काउन्सिलर आङ सान सुकी र अन्य नागरिक पदाधिकारीको गिरफ्तारी आपत्तिजनक रहेको बताउनु भएको छ।

अस्ट्रेलियाकी विदेश मन्त्री म्यारिस पेनले सुकी र अन्य गिरफ्तार गरिएका सबैलाई हिरासतमुक्त गर्न आग्रह गर्नु भएको छ। उहाँले गत नोभेम्बरमा सम्पन्न चुनावको नतिजा अस्ट्रेलियाका लागि स्वीकार्य रहेको जनाउँदै त्यस निर्वाचनबाट प्राप्त नतिजा बमोजिम शान्तिपूर्ण रुपमा राष्ट्रिय सभाको बैठक बस्नुपर्ने अस्ट्रेलियाको धारणा रहेको बताउनु भएको छ।

म्यान्मारको गत नोभेम्बरको चुनावबाट गठन हुने नयाँ राष्ट्रिय सभाको पहिलो बैठक आज बस्दै थियो। हाल म्यान्मारमा सर्वाधिक प्रभावशाली नेताको रुपमा ७५ वर्षीया आङ सान सुकी नै रहनु भएको छ। सैनिक शासन विरुद्ध दशकौं संघर्ष गरेपश्चात पाँच वर्षअघि शान्तिपूर्ण रुपमा सम्पन्न चुनावबाट उहाँले मुलुकको नेतृत्व सम्हाल्नु भएको छ। गत नोभेम्बरको चुनावबाट संसदको तल्लो र माथिल्लो दुबै सदनका कूल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ। सन् २००८ को संविधान बमोजिम सेनालाई संसदको कूल स्थानको २५ प्रतिशत छुट् याइएको छ। साथै कतिपय महत्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको छ। तर गत चुनावमा व्यापक धाँधली भएको सेनाको भनाई छ तर त्यसका ठोस प्रमाणहरू भेटिएका थिएनन्। देशको निर्वाचन आयोगले पनि गत साता सेनाको उक्त दोषारोपणलाई अस्वीकार गरेको थियो। चुनावी नतिजाकै विषयलाई लिएर सेनाले गत साता नै देशभित्र सत्ता विद्रोह हुन सक्ने चेतावनी पनि दिएको थियो। सेनाको साप्ताहिक पत्रकार सम्मेलनमा सेनाका मेजर जनरल ज मिन टुनले संविधान बमोजिम कानुन कार्यान्वयन गरिने बताउनुभएको थियो। त्यही भाषामा सेना प्रमुख जनरल मिन आङ हाइलाङले वरिष्ट सैनिक अधिकृतहरूलाई बुधबार सम्बोधन गर्दै कानुनको परिपालना राम्रोसँग नभएको अवस्थामा वर्तमान संविधान उल्ट्याउने धम्की दिनु भएको थियो। सेना प्रमुखको विचार सार्वजनिक भएलगत्तै राजधानी समेत देशका प्रमुख शहरहरूमा सैनिक बख्तरबन्ध गाडीहरू देखिएका थिए। तर गत शनिबार सेनाले सैनिक सत्ताविद्रोहको सम्भावनालाई अस्वीकार गरेको थियो। सेना प्रमुखको भनाईलाई गलत रुपमा व्याख्या गरिएको भन्दै सेनाले कुनै पनि प्रकारको सैनिक हस्तक्षेप नहुने दावी गरेको थियो।

गत नोभेम्बरमा भएको संसदीय निर्वाचनमा सुकी नेतृत्वको पार्टीले सरकार गठन गर्नका लागि अत्याधिक बहुमत प्राप्त गरेको भएपनि सेनाले निर्वाचनमा धाधली भएको भन्दै सरकार गठन गर्न दिएको थिएन। सेनाको अस्विकृतिपछि त्यहाँ सरकार गठन हुन सकिरहेको थिएन। सुकीको पार्टीले आजै सरकार गठन गर्ने कार्यतालिका बनाएको थियो। सेनाले नेतृ सुकी र राष्ट्रपति उइन मिन सहितका प्रमुख व्यक्तिलाई पक्राउ गरेपछि राजनीतिक संकट र अन्यौल बढेको बताइएको छ। गत आम निर्वाचनमा नेतृको दलले संसदमा ८३ प्रतिशत मत ल्याएको थियो।

विवादित चुनावलाई लिएर सू कीको सरकार र सेनाबीच तनाव बढिरहेका बेला म्यान्मारमा सैन्य कू भएको छ। गत वर्ष नोभेम्बरमा भएको निर्वाचनमा सू कीको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले सरकार गठनका लागि पर्याप्त सिट जितेको थियो। सोमबार नवनिर्वाचित संसद्को पहिलो सत्र बस्नुअघि सेनाले निर्वाचनमा धाँधली भएको भन्दै सत्ता सेनाप्रमुखलाई सुम्पन लागेको बताएको थियो।

सेनाको टिभीले सत्ता सेनाको हातमा गएको र एक वर्षका लागि देशमा संकटकाल लगाइएको घोषणा गऱ्यो। आङ सान सू कीले आफ्ना समर्थकहरूलाई यसलाई अस्वीकार गर्न र कूविरुद्ध प्रदर्शन गर्न आव्हान गरेकी छन्। बर्मा समेत भनिने म्यान्मारमा सन् २०११ मा प्रजातान्त्रिक सुधार हुनुअघि सेनाले शासन चलाएको थियो। सन् २०१५ मा दशकौँपछि खुला प्रतिस्पर्धाको पहिलो चुनाव भएपछि त्यसमा सू कीले उल्लेख्य मतसहित चुनाव जितिर सत्तामा पुगिन्। सेनाका जेनरलहरूको कठोरतालाई चुनौती दिन उनले आफ्नो स्वतन्त्रता त्यागेको भन्दै उनलाई प्रजातन्त्रकी प्रतीकको रूपमा हेरिन्थ्यो।तर रोहिन्ज्या संकटका बेला उनको प्रतिक्रियालाई लिएर अन्तर्राष्ट्रिय रूपमा उनको छवि गुम्यो। सू कीले सन् १९८९ देखि सन् २०१० सम्म झन्डै १५ वर्ष नजरबन्दमा बिताइन्। सन् १९९१ मा उनलाई घरमै नजरबन्दमा रहेका बेला नोबेल शान्ति पुरस्कारले सम्मानित गरियो। उनलाई 'शक्तिहीनहरूको शक्तिको अद्भूत उदाहरण' मानिन्थ्यो। त्यतिबेलाको सैन्य शासनका बेला थिचोमिचोको सामना गर्दै प्रजातन्त्र ल्याउनका लागि उनले गरेको व्यक्तिगत संघर्षले उनलाई अन्तर्राष्ट्रिय रूपमा शान्तिपूर्ण प्रतिरोधको प्रतीक बनायो। सन् २०१५ मा भएको चुनावमा उनले नेतृत्व गरेको एनएलडी पार्टीले बहुमत ल्याएको थियो। उक्त चुनाव २५ वर्षमा भएको पहिलो खुल्ला प्रतिस्पर्धात्मक चुनाव थियो।

उनका सन्तान विदेशी नागरिक भएकाले म्यान्मारको संविधानअनुसार उनी राष्ट्रपति बन्न पाउँदिनन्। तर, ७५ वर्षीया सू की पदमा नरहे पनि सत्ता उनैबाट निर्देशित भएको मानिन्थ्यो। आधिकारिक रूपमा भने उनी स्टेट काउन्सलर हुन्। राष्ट्रपति विन मियन उनका निकट सहयोगी हुन्। सू की म्यान्मारका स्वतन्त्रता सेनानी आङ सानकी छोरी हुन्। सन् १९४८ मा म्यान्मारले ब्रिटिसको औपनिवेशिक शासनबाट मुक्ति पाउनु केही समयअघि आङ सानको हत्या भएको थियो। त्यतिबेला सू की जम्मा दुई वर्षकी थिइन्। सन् १९६० मा उनी आफ्नी आमासँग भारत गइन्। उनकी आमा म्यान्मारको तर्फबाट भारतीय राजदूत नियुक्त भएर दिल्लीमा थिइन्। त्यसको चार वर्षपछि उनी यूकेको अक्स्फर्ड विश्वविद्यालय गइन् जहाँ उनले दर्शनशास्त्र, राजनीतिशास्त्र र अर्थशास्त्र पढिन्। त्यहाँ उनले प्राज्ञ माइकल एरिसलाई भेटिन् र पछि उनीहरूले विवाह गरे। थोरै समय जापान र भुटानमा काम गरेपछि दुई सन्तान एलेक्जेन्डर र किमलाई हुर्काउनका लागि उनी युकेमै बसिन्। तर, म्यान्मार उनको विचारबाट कहिल्यै पनि टाढा गएन। सन् १९८८ मा आफ्नी बिरामी आमाको रेखदेख गर्न यान्गुनमा फर्किंदा म्यान्मारमा राजनीतिक तनाव चुलिएको थियो। प्रजातान्त्रिक सुधारको माग गर्दै हजारौँ विद्यार्थी, कर्मचारी र भिक्षुहरू सडकमा ओर्लिएका थिए। 'जे भइरहेको थियो त्यसमा म मेरो बुबाको छोरी भएर तटस्थ रहन सक्दिनथेँ,' सन् १९८८ अगस्ट २६ मा यान्गुनमा उनले भनिन् र जेनरल नी विनको शासनविरुद्धको विद्रोहको उनले नेतृत्व गरिन्।

अमेरिकी नागरिक अधिकारका नेता मार्टिन लुथर किङ र भारतका महात्मा गान्धीको अहिंसात्मक अभियानहरूबाट प्रभावित रहेकी सू कीले देशभरि ऱ्यालीको आयोजना गरिन्। उनले ती भ्रमणहरूमा स्वतन्त्र चुनाव र शान्तिपूर्ण प्रजातान्त्रिक सुधारहरू हुनुपर्ने माग गरिन्। तर, सन् १९८८ को सेप्टेम्बर १८ मा कू गरेर सत्ता हत्याएको सेनाले ती प्रदर्शनहरूलाई निर्मम तरिकाले दबायो। सन् १९९० को मे महिनामा सैनिक सरकारले राष्ट्रिय चुनावको आह्वान गऱ्यो र त्यसमा सू कीको एनएलडीले जित्यो तर सत्ता चलाइरहेको सेनाले हस्तान्तरण गर्न अस्वीकार गऱ्यो। सू की यान्गुनमा ६ वर्षसम्म घरमै नजरबन्दमा रहिन् र सन् १९९५ को जुलाईमा उनलाई रिहा गरियो। सन् २००० को सेप्टेम्बरमा यात्रा प्रतिबन्धको अवज्ञा गर्दै मान्डलेको यात्रामा निस्किने प्रयास गर्दा उनलाई फेरि घरमै नजरबन्दमा राखियो। उनी सन् २००२ को मे महिनामा फेरि रिहा भइन् तर त्यसको एक वर्षभन्दा बढी समयपछि उनका समर्थक र सरकार समर्थकबीच झडप भएपछि जेलमा हालियो।

पछि उनलाई घर फर्किन अनुमति दिइयो तर फेरि पनि उनी घरमा नजरबन्दमै बस्नुपऱ्यो। बेलाबेला एनएलडीका अधिकारीहरू र केही कूटनीतिज्ञहरूसँग उनले भेट्न पाएको भए पनि नजरबन्दमा रहेको सुरुका वर्षमा उनी एकान्तमै थिइन्। उनले आफ्ना पति र छोराहरूलाई समेत भेट्न पाइनन्। उनका पतिको सन् १९९९ मार्च महिनामा क्यान्सरका कारण मृत्यु भयो। पति निकै बिरामी भएका बेला सैनिक अधिकारीहरूले उनलाई युके जानेबारे प्रस्ताव गरेका थिए तर फेरि देश फर्किन अनुमति नदिइने हो कि भन्ने भयले उनले युके जान अस्वीकार गरिन्।

दुई दशकमा पहिलोपटक भएको सन् २०१० नोभेम्बर ७ को चुनावमा सू कीलाई पाखा लगाइयो तर त्यसको ६ दिनपछि घरमै बस्नुपरेको नजरबन्दबाट मुक्त गरियो। नयाँ सरकार सुधारको प्रक्रियामा रहेका बेला सू की र उनको पार्टी पुनः राजनीतिक प्रक्रियामा जोडियो।

सन् २०१२ को अप्रिलमा भएको उपनिर्वाचनमा उनीहरूले ४५ मध्ये ४३ स्थानमा जिते। सू कीले सांसदका रूपमा शपथ लिइन् र विपक्षी दलको नेतृत्व गरिन्। त्यसलगत्तै मे महिनामा उनले २४ वर्षमा पहिलोपटक म्यान्मार छोडिन्। त्यसले त्यतिबेलाका नयाँ नेताहरूले उनलाई देश फर्किन दिनेछन् भन्ने आत्मविश्वास थियो भन्ने संकत गर्छ।

म्यान्मारको स्टेट काउन्सलर भएयता उनको नेतृत्वलाई उनले अल्पसंख्यक रोहिन्ज्या मुस्लिमलाई कसरी व्यवहार गरिन् भन्ने कुराले व्याख्या गर्छ। सन् २०१७ मा सेनाले रखाइन प्रान्तका प्रहरी केन्द्रहरूमा घातक आक्रमण गरेपछि लाखौँ रोहिन्ज्या भागेर छिमेकी बंगलादेश छिरे। त्यतिबेलाको घटनालाई लिएर म्यान्मारविरुद्ध नरसंहारको आरोपसहित अन्तर्राष्ट्रिय न्यायिक अदालतमा मुद्दा दर्ता भएको छ। फौजदारी मुद्दा हेर्ने अन्तर्राष्ट्रिय अदालतले मानवताविरुद्ध अपराध गरेको भन्दै अनुसन्धान गरिरहेको छ। सू कीका पहिलाका अन्तर्राष्ट्रिय समर्थकहरूले उनले बलात्कार, हत्या र सम्भावित नरसंहार रोक्न केही नगरेको र अझै शक्तिशाली सेनाको निन्दा नगरेको आरोप लगाए। कठिन इतिहास भएको र धेरै जातजाति भएको देशमा शासन गर्न उनले प्रयास गरिरहेको भन्दै केहीले सुरुमा तर्क गरे। तर गत वर्ष द हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा उनले सेनाको कदमको व्यक्तिगत रूपमा प्रतिरक्षा गरेपछि भने उनको बचेको थोरै अन्तर्राष्ट्रिय प्रतिष्ठा पनि गुम्यो। तर, देशभित्र भने उनी लोकप्रिय छिन्।

म्यान्मारका राज्य सल्लाहकार तथा विदेशमन्त्री आङ सान सुचीसहित सयौं निर्वाचित सांसदलाई रिहा गर्न म्यान्मारको सैनिक नेतृत्वलाई अन्तर्राष्ट्रिय दबाब बढेको छ। म्यान्मारको सेनाले सोमबार जननिर्वाचित सरकारलाई अपदस्थ गरी शासनसत्ता हातमा लिएको थियो। सेनाले राष्ट्रपति विन मिन्ट, राज्य सल्लाहकार तथा विदेशमन्त्री आङ सान सुचीसहित उनको दल नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) का वरिष्ठ नेतालाई नियन्त्रणमा लिएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार एनएलडीका सांसद तथा क्षेत्रीय मन्त्रिपरिषद्का सदस्यहरू पनि गिरफ्तार गरिएको छ। गत नोभेम्बरमा भएको चुनावमा 'व्यापक धाँधली भएको' भन्दै सेनाले शासन सत्ता लिएको हो। त्यसका साथै सेनाले एक वर्षका लागि म्यान्मारमा संकटकाल घोषणा गरिसकेको छ।

सूचीको दल एनएलडीले सेनाद्वारा नियन्त्रणमा लिइएका आफ्ना नेताहरूलाई तत्काल रिहा गर्न माग गरेको छ। एनएलडीले मंगलबार एक विज्ञप्ति जारी गर्दै पार्टी नेतृ सुचीसहित नेताहरूलाई तत्काल रिहा गर्न आग्रह गरेको हो। पार्टीले नोभेम्बरमा भएको चुनावी परिणामा स्वीकार गर्नसमेत आग्रह गरेको छ। उक्त चुनावमा एनएलडी पार्टी करिब ८० प्रतिशत मतसहित विजयी भएको थियो।

त्यसैगरी, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि पक्राउ परेका नेताहरूको तत्काल रिहा नभए म्यान्मारमा पुनः प्रतिबन्ध लगाउने चेतावनीसमेत दिएका छन्। बाइडेनले सैनिक कदमको विरोध गर्दै लोकतन्त्र पुनःस्थापनाका लागि अन्तर्राष्ट्रिय समुदाय एक हुनुपर्ने बताएका छन्। 'बर्मेली सेनाले हत्याएको शक्ति फिर्ता गराउन तथा उनीहरूले थुनामा राखेका अधिकारी र अधिकारकर्मीहरूलाई रिहा गर्न अन्तर्राष्ट्रिय समुदायले एकै आवाजमा दबाब दिनुपर्छ,' बाइडेनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। ह्वाइटहाउस प्रवेश गरेको दुई साता नबित्दै बाइडेनले अन्तर्राष्ट्रिय घटनालाई लिएर पहिलोपटक जारी गरेको लिखित विज्ञप्तिमा बाइडेनले 'म्यान्मारको सेनाविरुद्ध उपयुक्त कदम चाल्ने' चेतावनी दिएका हुन्। लोकतन्त्रमाथि हुने आक्रमणविरुद्ध अमेरिका सधैं उभिने बाइडेनको भनाइ छ।

लोकतन्त्रका पक्षमा भएको प्रगतिका आधारमा अमेरिकाले यसअघि बर्मामा लगाएको प्रतिबन्ध हटाएको जनाउँदै बाइडेनले त्यसबारे गम्भीर समीक्षा गर्नुपर्ने समय आएको जनाए। संयुक्त राष्ट्रसंघले पनि पक्राउ परेका कम्तीमा ४५ जनालाई मुक्त गर्न माग गरेको छ। नेतृ सुचीलाई गिरफ्तारपछि कहाँ राखिएको छ भन्ने थाहा हुन सकेको छैन। तर एनएलडी स्रोतहरूले सुची र राष्ट्रपतिलाई उनीहरूकै घरमा नजरबन्दमा राखिएको जनाएका छन्। 'हामीलाई चिन्ता नगर्न भनिएको छ। तर पनि हामी निकै तनावमा छौं। उनीहरू घरमै रहेको तस्बिरमा देखे पनि हामीहरू ढुक्क हुनेछौं,' नाम नबताउने सर्तमा समाचार संस्था एएफपीसँग एक सांसदले भने। स्थानीय सञ्चार संस्थाहरूका सांसदहरूलाई सेनाले राजधानी नेइपिडअबाट घर फर्कन आदेश दिएको छ। नवनिर्वाचित अधिकांश सांसदहरू राजधानीस्थित सरकारी आवासमा बस्दै आएका थिए।

सैनिक 'कु' को विरोधमा म्यान्मारमा विरोध प्रदर्शन भएका समाचारहरू भने सार्वजनिक भएका छैनन्। तर सैनिक आदेशको अवज्ञा हुन थालेको बीबीसीले जनाएको छ। प्रमुख सहरहरूमा सोमबार राति कर्फ्यु लगाइएपछि मुख्य सहर सुनसान थिए। राजधानी नेइपिडअ र मुख्य सहर याङ्गुनका सडकहरूमा सेनाले गस्ती गरिरहेका देखिन्छन्। सोमबार अवरुद्ध पारिएको सञ्चार प्रणाली सञ्चालनमा आएपछि फोन तथा इन्टरनेट सेवा चल्न थालेको जनाइएको छ।

म्यान्मारमा भएको सैन्य 'कु' का कारण देशको अर्थतन्त्रलाई ठूलो हानि पुग्ने डर ठूला व्यापारिक संस्था र विश्लेषकहरूको छ। उनीहरूका अनुसार सैन्य कदमका कारण अर्बौं डलरको वैदेशिक लगानी जोखिममा परिसकेको छ। अमेरिकाले म्यान्मारविरुद्ध प्रतिबन्ध लगाउन सकिने बताइसकेको छ। तर अधिकांश लगानी एसियाली देशबाट आउने भएकाले अमेरिकी प्रतिबन्धको भने ठूलो असर नपुग्ने आकलन विश्लेषकहरूको छ। विश्व बैंकका अनुसार म्यान्मारमा गतवर्ष सिंगापुरबाट सबैभन्दा बढी लगानी भित्रिएको थियो। त्यस्तै वैदेशिक लगानी भित्रिएका देशको सूचीमा हङकङ दोस्रो स्थानमा थियो। म्यान्मारमा आर्थिक वर्ष २०२० मा ५.५ अर्ब अमेरिकी डलर वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो।

(एजेन्सीको सहयोगमा)

प्रेरक

चक्कुबाट प्राप्त शिक्षा

स्वामी विवेकानन्द सिकागो धर्म सम्मेलनमा वक्ताका रूपमा सहभागी हुन जाने निश्चित भएपछि उनी यात्राको तयारीमा जुटे । यात्रामा जाने दिन नजिकिँदै गर्दा एक दिन उनी आफ्ना गुरू स्वामी रामकृष्ण परमहंसकी धर्मपत्नी माता शारदाबाट आशीर्वाद लिन गए । चरणस्पर्शपछि उनले करबद्ध हुँदै गुरूआमासित भने- माता, मलाई अमेरिकाको सिकागो सहरमा आयोजना हुने धर्म सम्मेलनमा भारतीय संस्कृतिमाथि बोल्न निम्तो आएको छ । मलाई हजुरको आशीर्वाद चाहियो ।

विवेकानन्दको अनुरोध सुनेपछि माता शारदाले भनिन्- आशीर्वादका लागि भोलि आउनू । म सबैभन्दा पहिले तिमी आशीर्वादका लागि योग्य छौ या छैनौ, त्यो हेर्छु । माताका आदेशपछि विवेकानन्द आफ्नो कुटीतिर लागे । भोलिपल्ट उनी पुनः आशीर्वादका लागि माता शारदाकहाँ पुगे ।

उनी त्यतिखेर भान्छामा व्यस्त थिइन् । उनले विवेकानन्दलाई देखेपछि नजिकै एउटा कुनामा रहेको चक्कु देखाउँदै भनिन्- विवेक, तिमी मलाई सबैभन्दा पहिले उः त्यो चक्कु देऊ त ! विवेकानन्दले चक्कु उठाएर उनलाई दिए । चक्कु लिएपछि उनले धेरै ज्ञानगुनका कुरा सुनाउँदै विवेकानन्दलाई भनिन्- तिमीलाई मेरो आशीर्वाद छ, तिमी आफ्नो लक्ष्यमा सफल हुनेछौ ।

विवेकानन्दले माताको आशीर्वादको खास अर्थ बुझ्न सकेनन् । उनले प्रश्न गरे- माता, हजुरले मलाई आशीर्वाद दिनुअघि चक्कु किन माग्नुभएको थियो ? माता शारदाले भनिन्- म तिम्रो मन देख्न चाहन्थेँ । जब तिमीले चक्कु मेरा तर्फ बढायौ, त्यतिखेर तिमीले चक्कुको धारवाला भाग आफूतिर राखेर बिँडतिरको सुरक्षित भागचाहिँ मलाई दियौ । यथार्थमा सन्त त्यही हो, जो स्वयं आपत्मा परे पनि संसारको कल्याणमा जुटिरहन्छ । त्यसैले, तिमी अवश्यै सफल हुन्छौ । जाऊ, लक्ष्य पूरा गरेर फर्क ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम बन्नेछ । शत्रु तथा प्रतिस्पर्धी परास्त हुनेछन् । तापनि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्दा मन ढुक्क नहुन सक्छ । मध्याह्नपछि यात्राको अवसर जुट्न सक्छ । आकर्षक उपहारले उत्साह जगाउनेछ । तर आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।

वृष

बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ । मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । भविष्यका लागि नयाँ काममा जग बसाउने मौका छ । लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । मध्याह्नपछि खर्चिलो काम गर्नुपर्ने हुन सक्छ । सापटमा गएको धनले समस्या निम्त्याउला । आफ्नो साधनबाट अरूले फाइदा उठाउनेछन् ।

मिथुन

हतारमा निर्णय लिने बानीले पछि अप्ठ्यारो पार्ने हुँदा समयमा सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला । भूमि तथा पशुधनबाट सामान्य लाभ मिल्नेछ । मध्याह्नदेखि आर्थिक स्थितिमा केही सुधार आउनेछ । स्वास्थ्य भने केही कमजोर नै रहला । अवसर प्राप्त भए पनि सोचेको काम पूरा गर्न समय लाग्नेछ । व्यापारमा फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

कर्कट

बिहानको समयमा साहसी काम गरेर लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ । अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । दिउँसोदेखि सहयोगीहरू टाढिन सक्छन् । अरूको मुख ताक्ने बानीले पछि परिनेछ । तापनि कृषि तथा पशुधनले केही फाइदा दिलाउनेछ । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम भने बन्नेछ ।

सिंह

अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला । विद्या र धन आर्जनमा सामान्य प्रगति हुनेछ । तर आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय रहेकाले सजग रहनुहोला । दिउँसोदेखि स्थितिमा सुधार आउनेछ भने दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । तर वादविवादले नियमित काममा भने समस्या उत्पन्न हुनेछ । उद्योग र व्यापारमा पनि केही उल्झन आउने देखिन्छ ।

कन्या

अरूको भरपर्दा काम बिग्रन सक्छ । आगन्तुकले पनि अलमल्याउन सक्छन् । हडबडीले केही समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखारता नै आउनेछ । दिउँसोदेखि विवादास्पद कामको जिम्मेवारी आउन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनामा अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ ।

तुला

पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । अरूको फाइदाका लागि उपयोग भइनेछ । कामको योजना स्थगित हुन सक्छ । प्रयत्न गर्दा दिउँसोदेखि काममा सकारात्मक संकेत प्राप्त हुनेछ । मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । पारिवारिक भेटघाटले खुसियाली छाउनेछ । आगन्तुकले केही उपहार ल्याउन सक्छन् ।

वृश्चिक

मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । आवश्यक भौतिक साधन सजिलै जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । दिउँसोदेखि खर्च बढ्नाले अर्थ अभाव देखा पर्नेछ । आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ । सोखले फजुल खर्च बढाउनेछ । आँटेको काममा बाधा हुन सक्छ ।

धनु

दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । पेसा-व्यवसाय फलदायी रहनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । दिउँसोदेखि आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिलेका कामबाट पनि प्रशस्त लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन र व्यापारमा मनग्य फाइदा हुनेछ ।

मकर

तारिफयोग्य कामले धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनेछ र आफ्नो क्षेत्रको नेतृत्व हातलागी हुनेछ । तारिफयोग्य कामले दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । दिउँसोदेखि केही जोखिमयुक्त काममा जुट्नुपर्ला । आफ्नाको भरपर्दा काममा समस्या पर्नेछ । आफ्ना कमजोरी बाहिरिनाले पनि पेसा-व्यवसायमा केही चुनौती सामना गर्नुपर्ला ।

कुम्भ

प्रारम्भमा अरूका लागि समय खर्चनुपर्ला । सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ । व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । दिउँसोदेखि काम देखाएर प्रभाव जमाउन सकिनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । भेटघाटले काम गर्ने अवसर समेत दिलाउनेछ । अध्यात्मभाव जागृत हुनाले धर्मकर्ममा प्रवृत्त भइनेछ ।

मीन

मानसाम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राको प्रक्रियाले पनि खर्च बढाउन सक्छ । तर धनधान्यले घरगृहस्थीमा समृद्धि निम्त्याउने देखिन्छ । व्यापारमा अर्थलाभ हुनेछ । दिउँसोदेखि गोपनीयता बाहिरिनाले आँटेको काम रोकिन सक्छ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला । यात्राको योग छ । आफन्त तथा मित्रजनहरुको साथ रहनेछ ।

समाचार संक्षेप

सवारी दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं । बर्दिया, धनुषा, सर्लाही, झापा र नुवाकोटमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ७ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका धुर्षको प्राथमिक स्वास्थ्य केन्द्र जयनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

धनुषा, विदेह नगरपालिका(३ चिकनास्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकल आफैं अनियन्त्रित भई सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका(१ मैनाथपुर बस्ने २० वर्षीय सुबिन मण्डलको घटनास्थलमै मृत्यु भएको छ । सर्लाही, कौडेना गाउँपालिका(२ स्थित सडकमा ज.१ त ४६८३ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई सोमबार बेलुका दुर्घटना हुँदा ट्याक्टर चालक सोही ठाउँ बस्ने २७ वर्षीय बिबेक यादवको घटनास्थलमै मृत्यु भएको छ ।

यसैगरी सर्लाही, मलंगवा नगरपालिका(९ स्थित सडकमा सोमबार साँझ हाल नम्बर नखुलेको ट्याक्टरको ठक्करबाट पैदलयात्री मलंगवा नगरपालिका(९ डेरा गरी बस्ने भारत सितामढी घर भएकी ५५ वर्षीया मणि देवीको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी मणि देवीको नेशनल मेडिकल वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो । फरार रहेका ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

झापा, शिवसताक्षी नगरपालिका(१ लामाबस्तीस्थित सडकमा मे.१ ज १५२८ नम्बरको पिकअप भ्यानले मे.६ प ५०६८ नम्बरको मोटरसाइकललाई सोमबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका(३ बस्ने ३० वर्षीय राज कुमार खेमदेन लिम्बुको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २२ वर्षीय शिशिर खत्रीको स्थानीय अंशु मेडिकलमा उपचार भईरहेको छ । पिकअप भ्यान चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी झापा, गौरादह नगरपालिका(४ मझुवास्थित सडकमा मे.१० प ११६७ नम्बरको मोटरसाइकल र मे.४ प २२७२ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई सोमबार साँझ दुर्घटना हुँदा मे.१० प ११६७ नम्बरको मोटरसाइकल चालक गौरादह नगरपालिका(५ बस्ने ३४ वर्षीय होम प्रसाद उप्रेतीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो ।

डुबेर मृत्यु

इलाम नगरपालिका(८ स्थित माइबेनी हाइड्रो पावरको ड्याममा पौडी खेल्नेक्रममा डुबेर माइजोगमाई गाउँपालिका(५ सोयाङ बस्ने २० वर्षीय शेखर ढकाल र उनकै भाई १८ वर्षीय प्रबिण ढकालको सोमबार मृत्यु भएको छ ।

मृत अवस्थामा फेला

ईलाम, सन्दकपुर गाउँपालिका(४ सोमबारे बस्ने ६४ वर्षीया चित्रमाया गुरुङ आफ्नै घरभित्र सोमबार मृत अवस्थामा फेला परेकी छिन् । सिन्धुपाल्चोक, त्रिपुरासुन्दरी गाउँपालिका(३ एक्ले भीरमा सोही गाउँपालिका(२ चोकटी बस्ने ७४ वर्षीय काशी थामी सोमबार मृत अवस्थामा फेला परेका छन् । झापा, बिर्तामोड नगरपालिका(५ डेरा गरी बस्ने ५० वर्षीया हेम कुमारी चौहान आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् । सर्लाही, कबिलासी नगरपालिका(६ मदनपुरस्थित बिर्ता पोखरी नजिकै खेतमा हाल नाम, थर, वतन नखुलेका करिब ५५ वर्षीया महिला सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

सवारी दुर्घटनामा मृत्यु

काठमाडौं । महोत्तरी,बलवा नगरपालिका(१० धमौरास्थित सडकमा ज.९ प ८१७० नम्बरको मोटरसाइकललाई ज.८ प २७४ नम्बरको मोटरसाइकलले सोमबार बेलुका ठक्कर दिँदा ज.९ प ८१७० नम्बरको मोटरसाइकलमा सवार महोत्तरी गाउँपालिका(४ बस्ने २८ वर्षीय सुधिर मण्डलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका सुधिरको काबीया अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका सोही मोटरसाइकलका चालक सोही नगरपालिका(१ बस्ने २४ वर्षीय अशोक साहको सोही अस्पतालमा उपचार भईरहेको छ । हाल फरार रहेका ज.८ प २७४ नम्बरको मोटरसाइकल चालकलाई प्रहरीले खोजी गरिरहेको छ ।

मोरङ, सुन्दर हरैचा नगरपालिका(३पानीटंकीस्थित सडकमा को.१ त७०५३ नम्बरको गुडिरहेको ट्याक्टरबाट हाम फाल्दा सोही नगरपालिका(७ बस्ने ३७ वर्षीय बिजय चौधरीको मंगलबार दिउँसो मृत्यु भएको छ । गम्भीर घाइते भएका बिजयको नोवेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मृत अवस्थामा फेला

काठमाडौं । धादिङ,थाक्रे गाउँपालिका(१ स्थित कान्तिपुर होटलमा काभ्रे भुइलु गाउँपालिका(८ बस्ने ३४ वर्षीय रामेश्वर उप्रेती मंगलबार मृत अवस्थामा फेला परेका छन् । दैलेख,आठबिस नगरपालिका(८ बिसल्ला बस्ने ५० वर्षीय नरतम नेपाली सोही नगरपालिका(४ स्थित कर्णाली नदीमा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

करेन्ट लागेर मृत्यु

सिन्धुपाल्चोक । जुगल गाउँपालिका(२ स्थितनिर्माणाधिन बलेफी हाईड्रो पावर कम्पनीको ईन्टेकमा कामगर्ने क्रममा करेन्ट लागेरसोही गाउँपालिका(३ गुम्बा बस्ने २४ वर्षीय सुरेश लामाकोमंगलबार मृत्यु भएको छ । करेन्ट लागेरगम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र जलबिरेमा उपचारको क्रममामृत्यु भएको हो ।

अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । तनहुँ, शुक्लागण्डकी नगरपालिका(५ बेलचौतारावाट ३ किलो ६ सय ग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका(२६ जलधारे बस्ने विवेक राउत र सुमन विक रहेका छन् । ईलाका प्रहरी कार्यालय बेलचौतारा तनहुँबाट खटिएको प्रहरीले उक्त लागूऔषध गाँजा सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर लागूऔषध गाँजा मुद्दामा म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

बाँके, नेपालगंज उपमहानगरपालिका(४ बसपार्कबाट ३ ग्राम १ सय मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो सहित सोही ठाउँ बस्ने ३० वर्षीय वीरेन्द्र वलीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । वीरेन्द्रको राजित जनरल स्टोरमा अवैध लागूऔषधको कारोबार भईरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले जाँच गर्नेक्रममा स्टोरभित्र उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो ।

कपिलवस्तु, यशोधरा गाउँपालिका(७ मर्यादपुर चोकबाट १ ग्राम ५ सय ८० मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित कपिलवस्तु नगरपालिका(११ जहदी बस्ने २५ वर्षीय भेषराज यादवलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका भेषराजलाई प्रहरी चौकी मर्यादपुरबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

कञ्चनपुर, बेलडाँडी गाउँपालिका(३ खैरीघाटबाट ११ ग्राम १ सय ६० मिलीग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित बेलौरी नगरपालिका(१० शिबनगर बस्ने ५७ वर्षीय टिका बहादुर केसीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल र ईलाका प्रहरी कार्यालय बेलडाडीबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्नेक्रममा उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Low = गाइ भैंसी कराएको आवाज From the hill top one can see the herd like ants but one can not hear the cattle low (डाडाको टुप्पाबाट गाई वस्तुहरू कमिला जस्तो देखिएतापनि तिनीहरू कराएको आवाज भने सुनिदैन) ।

Mutibility = परिवर्तन गर्न सकिने Everyone is the victim of mutability of fortune (हरेक मानिस भाग्यमा आएको परिवर्तनको शिकार हुन्छ)

Nomenclature = शब्दार्थ Latin is useful in defining medical nomenclature (औषधि विज्ञानको शब्दार्थको परिभाषा गर्न लेटिन निकै उपयोगी हुन्छ)

Ostracize = निषेध गर्नु, वहिष्कार गर्नु As soon as her crime became public all her friends ostracized her (तिन्को अपराध सार्वजनिक हुना साथ सबैले तिनीलाई वहिष्कार गरे)

Precipitate = सिघ्र संपन्न हुनु The withdrawal of US support precipitated the fall of Marcos (अमेरिकी समर्थन हटनुले मार्कोसको पतन हुनु छिटो हुन गयो)

Qualms= असजिलो किसिमको डर Helen is professional, I have no qualms about giving her such assignment (हेलन दक्ष भएको हुंदा यो काम उन्लाई सुम्पन मलाई कुनै असजिलोपन वा डर छैन)

Runic = पुरानो लिपि The inscription of Changu Narayan is written in runic script (चांगु नारायणको शिलालेख पुरानो लिपिमा लेखिएको छ)

Stolid = कुनै इच्छा नदेखाउने प्रवृत्ति He shows his feeling in a stolid manner (ऊ आफूलाई लागेको कुरा स्पस्ट राख्ने इच्छा देखाउदैन)

Unseemly = अपरिपक्व, कमजोरीपूर्ण For her unseemly conduct, everyone criticized her (उन्को अपरिपक्व व्यवहारले गर्दा सबैले उस्को आलोचना गरे)

Vulnerable = सजिलै शोषित हुने, नाजुक वा दुखित हुने The condition of women in third world country is vulnerable (तेश्रो विश्वका देशहरूमा महिलाहरूको स्थिति ज्यादै नाजुक छ)

Meet बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Meet the expenses = धान्नु I do not have much money to meet all the expenses (सबै खर्च धान्ने पैशा म संग छैन)

Meet the expectation = अपेक्षा गरे जस्तो हुनु Your project proposal does not meet our expectation (तिम्रो परियोजना प्रस्ताव हामीले अपेक्षा गरे जस्तो छैन)

Meet the ear = कान सम्म पुग्नु The news of the accident has just met his ear दुघर्टनाको खवर भर्खर उन्को कान सम्म पुगेको छ ।

Meet somebody half way = संझौता गर्नु । मान्नु If you drop the price I am ready to meet you half way मूल्य घटाउछौ भने म तिमीसंग संझौता गर्न तयार छु ।

Meet one's maker = मर्नु Every body has to meet finally one's maker अन्तमा हरेकले मर्नै पर्छ ।

Meet one's fate = हुने कुरा भएरै छाडछ Prepare youself to meet your fate तिम्रो कर्ममा जे हुनु छ त्यस्को लागि तयार भएर वस ।

Meet with something = आइपर्नु I had not even thought to meet with such obstacles (यस्तो कठीनाइ आइपर्ला भनेर मैले सोचेको सम्म पनि थिइन)

सुडोकु-अंक २१२

		५				२		३
		८		५	१		९	७
					७			
२			७					
	६			१			२	
					६			९
			८					
१	२		९	७		५		
८		४				६		

अंक २११ को नतिजा

८	९	४	२	५	३	६	७	१
२	७	३	६	९	१	८	४	५
५	६	१	७	४	८	३	९	२
६	३	२	५	१	४	९	६	७
७	८	९	३	६	२	६	१	४
४	१	५	८	७	९	२	३	६
३	५	८	१	२	७	४	६	९
९	२	७	४	८	६	१	५	३
१	४	६	९	३	५	७	२	८

The Korean People's Army Is Invincible

No one can match the invincible Korean People's Army, and what is the secret?

The first one is that the KPA has been led by outstanding leaders.

President Kim Il Sung(1912-1994), who founded the KPA and defeated the US and Japanese imperialists in one generation, was an ever-victorious veteran commander and outstanding general recognized by the world.

He brought the ferocious Japanese imperialists, so-called leader of Asia, to their knees and defeated the US imperialists who boasted of being "the strongest" in the world.

Chairman Kim Jong Il(1942-2011) was a military commander who administered uniqueSongun politics and, upholding the banner of Songun, achieved victory after victory in the war without gunshots against the allied imperialist forces under the harsh circumstances created by them to isolate and suffocate the DPRK.

Supreme Commander Kim Jong Un, who is carrying forward the cause of President Kim Il Sung and Chairman Kim Jong Il, is a brilliant general possessed of outstanding military wisdom and art of command and unparalleled courage.

He is gifted with outstanding military wisdom and seasoned commandership ofspecifying ever-victorious strategies and tactics even under the quite complicated situation, forestalling the aggressive provocation of war by the reckless imperialists with an uninterrupted attack and bringing victory without fighting. And he helps the masses of soldiers develop conviction in victory and unmatched courage, always finding himself among them, and takes care of their life with paternal affection. This is a trait of Kim Jong Un as a peerless strategist and military genius.

The second one is that the KPA is strong in its political, ideological and military capabilities.

Supreme Commander Kim Jong Un turns the KPA into steel-strong ranks firmly rallied through a sense of obligation and devotion, and is paying primary attention to the ideological and spiritual preparedness of the soldiers.

Whenever he inspects military units, he visits the education rooms first, sometimes seeing the soldiers'artistic performances which reflected their ideological and spiritual preparedness, and other times stressing that the work of ideological education of the soldiers should be intensified. Thanks to his efforts, all the KPA soldiers are firmly armed with the spirit of defending their motherland and fellow people.

The service personnel are firmly rallied around their Supreme Commander, and possessed of ideological and spiritual preparedness with which to go through hell or high water to carry out his orders and directives.

The commanders are prepared to skilfully deal with any operations and battles; the rank and file are prepared physically and tactically through intensive training to carry out any combat missions; all the services and

arms are equipped with modern weapons of high strike power and maneuverability, ready for both attack and defence with a powerful war deterrent, and capable of coping with modern warfare immediately and perfectly in any circumstances. It is not fortuitous that the hostile forces do not dare to attack the DPRK even though they consider it as a thorn in their flesh.

The third one is the single-hearted unity and great army-people unity.

The unity between officers and men and between the army and people is a traditional feature unique to the KPA.

The tradition of the unity, fully demonstrated from the first day of the KPA's founding, has reached the highest level of its development thanks to the leadership of Supreme Commander Kim Jong Un.

The officers of the KPA pay close attention to the health and even slightest concerns of the soldiers.There are a number of officers who rescued their soldiers sacrificing their lives in unexpected emergencies. The soldiers sincerely respect and faithfully follow such officers and regard it as part of their morality and conscience before being their duty to carry out orders and directives of the officers unconditionally and thoroughly.

Often the officers and men sing and dance together during the breaks of training, a vivid scene that shows the relations between them.

The unity between the army and people is the great army-people unity based on strong and noble spirit displayed by the soldiers, not just the soldiers and people helping each other.

The army and people not only regard each other as family members, brothers and sisters and help each other but also share will, life and death.

The KPA is playing the leading role in consolidating the army-people unity, the foundation of the DPRK society, doing many good things for the people under the slogan "Let us help the people!"

In recent years alone thanks to their devoted efforts monumental structures and bases of cultural and leisure activities like the Samjiyonarea in the northern part, JungphyongVegetable Greenhouse Farm and YangdokHot Spring Resort have been built.

Korean People's Army under the leadership of Supreme Commander Kim Jong Un will further demonstrate its might as an invincible army.

Kim Il Sung: Founding the Regular Armed Force of the DPRK

The Korean People's Army, the regular armed force of the DPRK, was founded on February 8, 1948.

The founding of the Korean People's Army provided the country with military guarantee for following the road of independent development.

The Korean People's Revolutionary Army, the KPA's predecessor, was founded on April 25, 1932 by Kim Il Sung, eternal President of the DPRK, when Korea was under the Japanese military occupation (1905-1945). Under his command, the KPRA, though it enjoyed no backing of a state and support of a regular army, waged a bloody guerrilla warfare against the one-million-strong Kwantung Armyof Japan,which had been claiming to be the leader of Asia, and liberated the country on August 15, 1945.

After liberation, Kim Il Sung stepped up buildinga regular armed force by the efforts of the country itself on the basis of the rich experiences in army building created in the flames of the anti-Japanese armed struggle.

Building a regular army of the nationwas essential at that time for the establishment of a fully independent and sovereign state after liberation; it also emerged as an urgent task in view of the fact that the USstationed its aggressor troops in the southern half in an attempt to occupy the whole territory of Korea.

As the personnel who could command a regular army were in short supply, Kim Il Sung enlisted most of the anti-Japanese war veterans in building the army, and saw to it that they not only became the backbone of

the army to be built but played a pivotal role in training military cadres.

In order to train the military and political cadres indispensable in the establishment of regular armed forces, he ensured that regular military educational institutes were built and expanded.

As a result, the Pyongyang Institute was established as the first regular institute of military education and the first base for training political and military officers for the building of a modern regular army. Later its function of training military cadres was transferred to theCentralSecurityOfficersSchoolset up to train military cadres of different arms and corps.

He gave field guidance at this school on several occasions, giving instructions on conducting military education not in any

other's way but in the Korean way.

At that time opinions varied at the school concerning the contents of military education, some people saying thiscountry'swere good and others saying that country'swere good.

Defining these contents at this school was the core in training cadres for the regular armed forces to be organized later.

But some people were trying to mechanically adopt others'.

Kim Il Sung said to them: You must never copy others' mechanically, but educate the cadets in line with the actual conditions in our country based on your own opinions. We are goingto found a new type of regular army, so education must be conducted in our own way.

At another time after inquiring about the state of school education, he said to teachers of the KPRA origin that they should impart military techniques in our own way and play therole of backbone in school education, and that only when the cadets were given proper education can they train our army in our own way after their graduation.

And saying that the cadres who would form the backbone of the regular army should be trained by ourselves and that this was the only way of training the core personnel faithful to the Korean revolution and founding a genuine army of the new Korea, he paid close attention to organizing the navy and air force.

After its founding, the Korean People's Army defended the country's sovereignty and dignity with honour against the aggression of the allied imperialist forces in the early 1950s, and since then it has demonstrated to the whole world its might while foiling the military threats and provocations by the hostile forces at every step and defending peace on the Korean peninsula creditably.

Kim IlSung's achievements will shine for ever along with the founding of the regular armed force of the DPRK.

आयोगले...

गरेको हो । आयोगले कोभिड-१९ को महामारीको समयमा निर्वाचन सञ्चालन र व्यवस्थापन गर्दा मितव्ययिता अपनाउने ढंगले कार्यविधि बनाएको जनाएको छ।

सरकार नै...

छन् । ओली समूहबाहेक उनको यो गैरसंवैधानिक कदमको समर्थन गर्ने कोही छैनन् । प्रजातान्त्रिक मूल्य मान्यताहरू ज्ब कुल्चिइन्छन्, फालिन्छन्, पछारिन्छन्, तब आम नागरिक जुर्मुराएर सडकमा उत्रन्छन् । १३ औं शताब्दीमा बेलायतका निरंकुश राजा किङ जोनलाई सही ठाउँमा ल्याउन म्याग्नाकार्टामा हस्ताक्षर गर्न बाध्य बनाइएको थियो ।

'आइ एम द स्टेट' भन्ने लुई चौधौंको शिर जनताले उडाइदिएका थिए । प्रधानमन्त्री ओलीको निरंकुश र स्वेच्छाचारी शासकीय शैलीलाई रोक्न म्याग्नाकार्टामा सही गराउन नागरिकहरू सरकारको निर्मम दमनलाई चिर्दै सडकमा ओर्लिएको अहिलेको अवस्था छ । यसबाट आत्तिएको सत्ता पक्ष नारायणहिटी अगाडि देशभरबाट मान्छे बटुलेर आफ्नो प्रतिरक्षामा उत्रिएको छ । सडकमा ओर्लिएर असंवैधानिक आफ्ना कार्यहरूलाई जनअनुमोदन रहेको देखाउने धृष्टता गर्नुले सरकार भयभित भएको सन्देश अवश्य प्रवाहित भएको छ ।

वैशाख १७ र २७ गते मध्यावधि निर्वाचनको घोषणा गरिएको छ । सो घोषणाअनुसार निर्वाचभन हुन अब ९० दिनभन्दा कम समय बाँकी छ । अझैसम्म निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू गरेको छैन । निर्वाचन घोषणापछि कामचलाउ सरकारका प्रधानमन्त्री मन्त्री लगायत सरकारी अधिकारीहरू निर्वाध रुपमा शिलान्यास, उद्घाटन, सरुवा बढुवा र नियुक्ति लगायतका काममा तल्लिन छन् । निर्वाचनको सिफारिसपछि पनि प्रधानमन्त्री ओलीले आफूलाई कामचलाउ समेत मानेका छैनन् । उनले पूर्ववत बहुमत प्राप्त सरकारले गर्नेझैं महत्वपूर्ण र दीर्घकालीन प्रभाव पार्ने निर्णयहरू गरिरहेका छन् । मन्त्रिपरिषद्का हरेक बैठकले नयाँ कार्यक्रमहरू ल्याइरहेको छ ।

सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोगको ७७ जिल्लामै अध्यक्ष र सदस्यहरू मनोनयन गरेको छ । अध्यक्ष र सदस्यसहित २ सय ३१ जनाको नामावली राजपत्रमा प्रकाशित गरिएको छ । प्रतिनिधिसभा निर्वाचन घोषणा भएपछि सरकारले एकैपटक ठूलो संख्यामा नियुक्ति गरेको हो । सिफारिस भएकाहरू सबैजसो नेकपा अध्यक्ष तथा प्रधानमन्त्री ओली समूहका छन् । ठूलो संख्यामा कार्यकर्ताहरूलाई राजनीतिक नियुक्ति दिएर ओली सरकारले जागिर खुवाएको छ । संसद भंग गरेर अध्यादेश ल्याई संवैधानिक परिषद्का प्रमुख र सदस्यहरू नियुक्त गरेको सरकारले संसदीय सुनुवाइविनै शपथ ग्रहण गराएर पद वहाली गरेको छ । यो शक्ति दुरुपयोगको पराकाष्टा भएको जानिफकारहरू बताउँछन् । सरकारको स्वेच्छाचारी रवैयाविरुद्ध नेकपाको प्रचण्ड नेपाल समूहले हिजो देशव्यापी आमहडताल गरेर विरोध गरिसकेको छ ।

२०७४ सालमा भएको स्थानीय तह र प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा भएको नौ दिनपछि निर्वाचन आयोगले आचारसंहिता लागू गरेको थियो । वैशाख ३१ को स्थानीय तह चुनावका लागि फागुन १८ बाट र मंसिर १० को प्रदेश प्रतिनिधिसभा निर्वाचनका लागि भदौ १४ बाट आचारसंहिता ल्याइएको थियो । सामान्यतया निर्वाचनको मितिभन्दा ३ महिना अगाडि आचारसंहिता ल्याउने अभ्यास छ । राजनीतिक दल, उम्मेदवार वा अन्य पक्षलाई अलि ढिला गरी आचारसंहिताले छोए पनि सरकारलाई भने प्रारम्भदेखि नै आचारसंहिताले बाँध्ने गर्छ ।

पछिल्लो समयमा प्रधानमन्त्री ओली निकै हडबडमा देखिएका छन् । ४ सय ४१ केन्द्रीय कमिटी सदस्यमध्ये नेकपामा अहिले ४ सय २९ जना छन् । तीमध्ये वामदेव गौतमसहित तीनजना कुनै पनि गुटमा छैनन् । २७५ को हस्ताक्षरसहित पार्टीको आधिकारिकता दावी गर्दै प्रचण्ड नेपाल नेतृत्वको नेकपाले निर्वाचन आयोगमा निवेदन दिएको छ । ४ सय ४१ जनालाई केन्द्रीय कमिटी सदस्य मान्ने हो भने पनि प्रचण्ड नेपालसँग मात्रै कम्तीमा ६२ प्रतिशत सदस्य छन् । यस हिसाबले ओलीसँग ४० प्रतिशत पनि पुग्दैन । पार्टीभित्रै अल्पमत, सरकारबाट फाइदा लिएका बाहेक सबै जनमत आफूविरुद्ध हुँदा स्वाभाविक रुपमा उनले आफ्नो नाडी छामेका छन् । त्यसैले वर्तमान संविधानसँग छुट्टाछुट्टै तर्कका आधारमा असहमति राख्ने दक्षिणपन्थी र उग्रवामपन्थी ओलीले झुकाव बडाएको देखिन्छ । मठमन्दिर जाने, धार्मिक कुरा गर्नेदेखि शक्ति प्रदर्शन समेत नारायणहिटी संग्रहालय अघिल्तिर गरेर दक्षिणपन्थीहरूको सदाशयता बटुल्नेसम्म प्रयास गरिरहेका छन् । उनैले भन्ने गरेको उग्रवामपन्थी धार (विप्लव समूह) सँग पनि बढ्नु उनी कमजोर बन्दै गएको राजनीतिक परिदृश्यको संकेत पनि हो ।

प्रधानमन्त्री ओलीले निर्माण भइ सञ्चालनमा आइसकेको ढल्केवर सबस्टेशनको उद्घाटन गरे । आधा काम बाँकी रहेको कालीगण्डकी प्रसारण करिडोरको हिजो कुष्मा पुगेर उद्घाटन गरेका छन् । ओली नेतृत्वको लगानी बोर्डले तल्लो अरुण जलविद्युत् आयोजना भारतीय कम्पनी सतलजलाई दिने निर्णय गरिसकेको छ । फुलफलेज्ड सरकारको हैसियतमा विभिन्न आन्दोलनका घाइतेहरूको निःशुल्क उपचारको घोषणा गर्ने, विशेष प्याकेजको लागि समिति बनाउने जस्ता निर्णय हतास मनस्थितिकै उपज मानिएका छन् । ओली राजनीतिक रुपले आफू बलियो हुन अनेक हत्कण्डा अपनाइरहेका छन् ।

म्यानमारको...

आएका छैनन् । म्यान्मारमा सेनाद्वारा एक वर्षका लागि सङ्कटकाल लागू गरेको र सेनाले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरिने बताएको छ । गत नोभेम्बरमा भएको चुनावमा धाँधली भएको आरोप सेनाले लगाएको छ । उक्त चुनावमा सुकीको दल नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले अत्यधिक मत ल्याएको थियो । गत नोभेम्बरको चुनावबाट संसदको तल्लो र माथिल्लो दुबै सदनका कूल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ । सन् २००८ को संविधान बमोजिम सेनालाई संसदको कूल स्थानको २५ प्रतिशत छुट्याइएको छ । साथै कतिपय महत्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको छ ।

सेनाले फेसबुकलाई बन्द गर्न निर्देशन दिएको पनि समाचारमा जनाइएको छ । सामाजिक सञ्जालहरूले स्थायित्वको पुनर्स्थापनामा बाधा पुर्याएको भन्दै सेनाले त्यस्तो निर्देशन दिएको हो । बिहीवार प्रयोगकर्ताहरूले सामाजिक सञ्जालमा पहुँच नभएको बताएका थिए । कूको विपक्षमा बनाइएको फेसबुक पेजमा दशौं हजार लाइकहरू आएका छन् ।

किसान आन्दोलन...

एउटा सानो वर्गको मात्र आपत्ति रहेको दावी गरेको छ । सरकारले उनीहरूको भावनाको कदर गर्दै वार्ता प्रक्रिया अगाडि बढाइरहेका बेला केही स्वार्थ समूहले विरोध प्रदर्शन गरेका मन्त्रालयको

दावी छ । विज्ञप्तिमा आन्दोलनका विषयमा टिप्पणी गर्नुअघि तथ्यको हेक्का राख्न र मुद्दालाई सही रुपमा बुझ्न पनि आग्रह गरेको छ । 'यस्ता मुद्दामा विशेषगरी सेलिब्रेटीहरूले सामाजिक सन्जालमा ह्यासट्याग वा टिप्पणी गर्न उद्धत हुनु गलत र गैरजिम्मेवार पनि हो,' विज्ञप्तिमा उल्लेख छ ।

जनवरी २६ मा आन्दोलनकारीले दिल्लीमा निकालेको ट्र्याक्टर ञ्यालीका क्रममा किसान र प्रहरीबीच हिंसात्मक झडप भएका थिए । त्यसक्रममा एकजना आन्दोलनकारीको मृत्यु हुनुका साथै थुप्रै प्रहरी र किसान घाइते भएका थिए । सोही दिन किसानहरूको भिडले ऐतिहासिक लालकिलामा तोडफोतसमेत गरेको थियो । त्यसपछि आन्दोलनलाई कमजोर पार्न सरकारको धर्ना क्षेत्रमा इन्टरनेट बन्द गर्ने र राजमार्गमा स्थायी ब्यारिकेड बनाउने जस्ता कदम चाल्यो । ती कदमले आन्दोलनप्रति अन्तर्राष्ट्रियरुपमै चासो थप बढाउन काम गरेको हो ।

भारत सरकारले गत सेप्टेम्बरमा तीनवटा कृषि कानुन ल्याएको थियो । तिनै कानुनको विरोधमा विगत पाँचमहिनादेखि विशेषगरी पन्जाब, हरियाणा, उत्तरप्रदेश, राजस्थान, महाराष्ट्र, पश्चिम बंगालराज्यका किसानहरू आन्दोलरत छन् । किसानहरूले विगत दुई महिनायता दिल्लीका नाकाहरू गाजीपुर, सिंघु, टिक्रिलगायतमा धर्ना दिइरहेका छन् । विपक्षी दलहरूले समेत आन्दोलनको समर्थन गर्दै आएका छन् । सरकारले भने नयाँ कानुनले किसानहरूको आम्दानी बढाउने र समग्र कृषि क्षेत्रमा व्यापक सुधार हुने दावी गरिरहेको छ । यसबीचमा आन्दोलरत किसान संगठनहरू र सरकारबीच एघार पटकसम्म वार्ता भइसकेको छ । तर, कुनै निकास निस्किएको छैन । किसान पक्षले कानुन फिर्ता गर्नुपर्ने माग राखेको छ भने सरकार कानुन संशोधन गर्ने तर फिर्ता नलिने अडानमा छ ।

जबर्जस्ती...

सुनुवाइसम्बन्धी नियमावलीले पनि संविधानको भावनालाई संकुचित बनाएको भनी निवेदन परेको छ । यस्तो बेला यो सिफारिस संविधानबमोजिम हो होइन भन्ने न्यायिक निरुपण नभई सरकारले नियुक्तिमा हतारो देखाउनु किमार्थ उचित होइन । सर्वोच्चको निर्णयसमेत नपर्खिनु न्यायालयलाई नटेर्नु हो ।

संसदीय सुनुवाई नभएकाले सिफारिसमा परेकाहरूले योग्यता र नैतिक चरित्र विषयमा परीक्षण बिनै नियुक्ति पाएका छन् । वास्तवमा नियुक्ति लिनेले समेत आफैंले सोच्नुपर्ने विषय हो यो । चारैतिर विवादका बेला आफ्नो चरित्र समेत परीक्षण नगरी संवैधानिक दायित्व पालना गर्ने गराउने विषयमा नियुक्ति लिने विषय स्वाभविक हुन सक्दैन । विगतमा पनि देशमा संवैधानिक र राजनीतिक संक्रमण भएका बेला शक्तिशाली विषयमा पुगेका केहीले पदीय आचरण भुलेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख बनाइएका लोकमान सिंह कार्की त्यस्तो गतिलो उदाहरण हुन् । अहिले जसरी भागशान्तिमा यो नियुक्ति गरिएको छ, त्यसले संवैधानिक अगको मर्म, स्वायत्तता र कार्यशक्तिमाथि दीर्घकालीन असर पार्नेछ ।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउँदा संविधानले परिकल्पना गरेको संवैधानिक परिषद्को कल्पनालाई नै संकुचित हुने गरी ल्याइएको थियो । सरकारले आफूले चाहेका व्यक्तिहरूलाई मनलागी नियुक्ति गर्नका लागि पदाधिकारीको उपस्थिति र सहमतिको प्रयासबिनै बहुमतीय आधारमै सिफारिस गर्ने गरी अध्यादेश जारी गराएको थियो । संविधानमै परिषद्मा प्रधानमन्त्रीबाहेक न्यायलय प्रमुख, प्रतिनिधि सभाका प्रमुख, राष्ट्रिय सभाका प्रमुख, प्रतिपक्षी दलका नेता र उपसभामुखलाई समेत सहभागी गराउनुपर्ने व्यवस्था थियो । तर सरकारले तीनजना मात्रैको उपस्थितिले पनि निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याई षड्यन्त्रपूर्ण ढंगले नाम सिफारिस गरेको थियो ।

संवैधानिक निकायका पदाधिकारीहरू सरकारले जबर्जस्ती नियुक्त गरेपछि त्यसले राजनीतिक मुठभेडको स्थितिलाई अघि बढाएको छ । सरकारको यो अलोकतान्त्रिक कार्यशैलीको विरोधमा प्रचण्ड नेपाल समूहले संघर्षको कठोर कार्यक्रम आम हडताल सम्पन्न गरिसकेको छ । संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिले संवैधानिक अंगका प्रमुखहरू समेत विभाजित भएका छन् ।

उपराष्ट्रपति नन्दबहादुर पुन र सभामुख अग्निप्रसाद शितलनिवासमा आयोजित शपथग्रहण समारोहमा सहभागी भएनन् । संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सर्वोच्चको आफ्नै नेतृत्वको इजलासमा विचाराधीन रहेका बेला प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा शपथ गराउन हतारिएर शितलनिवास पुग्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ । परेका रिटहरूमाथि पेसी नतोकी जबराले त्यत्तिकै फालिदिने हुन् कि भन्ने आशंका बढेको छ ।

कोभिडको...

कार्यालयका अनुसार पुस मसान्तसम्ममा कोषमा कुल १ अर्ब ८७ करोड १२ लाख ६८ हजार जम्मा भएको थियो । विभिन्न सरकारी निकाय, निजी संघ-संस्था, बैंक तथा वित्तीय संस्था, कम्पनी तथा व्यक्तिले सहयोग गरेको रकम उक्त कोषमा जम्मा हुने कार्यालयका प्रवक्ता ज्ञानेन्द्र पौडेलले बताए । गत आवको अन्त्यसम्म कोषमा १ अर्ब ३५ करोड ५९ लाख रुपैयाँ जम्मा भएको थियो । चालू आवको ६ महिनामा कोषमा ५१ करोड ५३ लाख रुपैयाँ जम्मा भएको छ । महालेखा नियन्त्रक कार्यालयले संघीय सरकारले कोभिड नियन्त्रणका लागि गरेको खर्च सार्वजनिक गरे पनि तीन तहले गरेको खर्चको एकीकृत विवरण भने सार्वजनिक गरेको छैन । यअसघि अर्थ मन्त्रालयले भदौमा एक प्रतिवेदन सार्वजनिक गर्दै सरकारले कोरोना रोकथाम, नियन्त्रण तथा उपचारका लागि साउन मसान्तसम्ममा करिब १२ अर्ब खर्च भएको जनाएको थियो ।

उपसचिव...

तथा अव्यवस्थित बसोबाससम्बन्धी समस्या नभएका या निकै कम भएका विकट हिमाली जिल्लामा समेत सरकारले जिल्ला सुकुमवासी आयोग गठन गरेको छ।

भूमि सम्बन्धी नियमावली अठारौ संशोधन अनुसार जिल्ला सुकुमबासी आयोगका अध्यक्षको तलब र सुविधा सहसचिव सरहको हुनेछ भने विज्ञ र सदस्यको तलब तथा सुविधा उपसचिव सरहको हुनेछ। नियमावलीमा जिल्ला सुकुमबासी आयोगमा एकजना अध्यक्ष र ६ जना सदस्य रहने व्यवस्था छ। बाँकी ३ जना सदस्यमा एकजना जिल्ला नापी कार्यालय, एक जना जिल्ला मालपोत कार्यालय तथा एक जना वन कार्यालयका प्रमुख जिल्ला सुकुमबासी आयोगका पदेन सदस्य हुने व्यवस्था नियमावलीमा छ। जिल्ला समन्वय समितिका प्रशासकीय अधिकृत जिल्ला सुकुमबासी आयोगका सदस्यसचिव हुने व्यवस्था नियमावलीमा राखिएको छ। भूमि व्यवस्था मन्त्रालय स्रोतका अनुसार तत्कालीन भूमि व्यवस्था मन्त्री पद्मा अर्यालको पालामै जिल्ला सुकुमबासी आयोगका सम्भावित पदाधिकारीहरूको सूची संकलन गरिएको थियो। यसका लागि सत्तारुढ दल नेकपाका जिल्ला तहका नेताहरूसँग सिफारिस मागिएको थियो ।

पानी नपर्दा...

गरिन्छ । तर १ सय ५० र त्योभन्दा माथि देखिएमा रेड जोन अर्थात् रातो चिह्न मान्ने गरिएको छ, जसले बस्न जोखिमपूर्ण रहेको संकेत गर्छ। १ सय ५० र २ सयबीचमा देखिए मानव स्वास्थ्यका लागि हानिकारक तथा २ सयभन्दा माथि देखिए अत्यन्त हाकिकारक हुने वातावरणविद्हरूको भनाइ छ।

वातावरणविद्का अनुसार हिउँदयाममा त्यसमा पनि बदली भएका बेला प्रदूषणको मात्रा निकै खतरनाक हुने गरेको छ। यसबाट मानव स्वास्थ्यमा गम्भीर असर पार्ने तथा चिसो बढेको बेला विशेषगरी बिहान र बेलुका हावामा हुने प्रदूषण बढ्ने उनीहरूको भनाइ छ। मौसमविद्हरू भन्छन्, 'चिसोयाममा हावाको बहाव कम हुन्छ, त्यसकारण धुलोका मसिना कणहरू (२.५ पिएम) जमिनमै टाँसिएर बस्छन् तर गर्मीयाममा भने हावाको बहावसँगै त्यस्ता कणहरू उड्ने गर्छन्।' चिसोयाममा प्रदूषणको जोखिम अत्यधिक बढ्ने जोशी बताउँछन्। वातावरणविद्का अनुसार काठमाडौं जस्तो वरिपरि पहाडले घेरिएको ठाउँमा चिसोयाममा धुलाका मसिना कणहरू गुम्सिएरै हावाभित्र रहने गरेको पाइएको छ। वातावरणविद्हरू गर्मीयामभन्दा वर्षायाम बढी उपयुक्त हुने बताउँछन्। वर्षायाममा वर्षा हुने भएकाले धुलोका कणहरू वर्षासँगे हट्ने भएकाले वर्षायाम उपयुक्त हुने उनीहरूको भनाइ छ।

वन तथा वातावारण मन्त्रालयका अनुसार नेपालमा प्रदूषणको मात्रा बढ्नुमा गाडीबाट निस्कने धुवाँ ३५ प्रतिशत जिम्मेवार छ। यसैगरी उद्योग तथा कलकारखानाले २५ प्रतिशत र इँटाभट्टाले २५ प्रतिशत प्रदूषण बढाउने गरेका छन्। बाँकी १५ प्रतिशत अन्य क्षेत्र जिम्मेवार हुने मन्त्रालयको भनाइ छ।

नेपाली हुन...

फ्याँक्यो । टुप्पी काट्यो र खाँटी मुसलमान भयो । लाहोर (पाकिस्तान) पुगेपछि एक दिन राति उसले आफू भिरबाट खसेको सपना देख्यो र सपनामै करायो- 'राम राम राम राम ...।'

धर्म परिवर्तन गरेर मुसलमान बनिसकेको घरज्वाइँले हिन्दू देवताको नाम लिँदै टोलछिमेकीले सुन्ने गरेर कराएपछि ससुरालीका सबै रिसाए । उसलाई घरबाट निकाला गरियो । जीवनभर नेपालको राजदरबारका घरज्वाइँ जस्ता भएर सुविधाभोगी राजनीति गरेका राप्रपा र राजपाका नेताहरू पनि त्यही घरज्वाइँ जस्तो आज विषम र पीडादायक मनस्थिति भोगिरहेका छन् । माओवादीजस्तै 'प्रगतिशील' बन्ने रहरमा बिचराहरूले गणतन्त्रको प्रस्ताव त पारित गरे तर मिडियाले पनि पत्याइदिएन । आज पनि उनीहरूलाई पूर्वपञ्च नै भनिन्छ । ती गणतन्त्रवादी नेतालाई कार्यकर्ताहरूले 'राजा' भनेर सम्बोधन गर्नुपर्छ । ती कस्ता गणतन्त्रवादी हुन् ?

नक्कली कुरा गर्नेलाई जनताले पत्याउँदैनन् । पुलाउ र बँदेलको मासु खाएको गफ गर्ने र एकैछिनमा ढिँडो गुन्द्रुक वान्ता गर्नेहरू धेरै छन् । शाखा अधिकृत परीक्षामा समेत फेल भएका अयोग्यलाई दरबारले प्रधानमन्त्री बनायो तर राष्ट्र संकटमा पर्दा ती मैदान छोडेर भागे । कृतघ्न ठहरिए । राष्ट्रिय पहिचानका पक्षमा उभिएनन् ।

विश्व प्रसिद्ध विद्वान् फ्रान्सिस फुकुयामाको ठहर छ, 'राष्ट्रिय पहिचान र राष्ट्र निर्माण एकअर्काका परिपूरक हुन् ।' नाइजेरियाको उदाहरण दिँदै उनले एउटा अनुसन्धानात्मक लेखमा भनेका छन्, जातीय पहिचान मात्रै खोज्दा राष्ट्रिय पहिचानको अस्तित्व संकटमा पर्न सक्छ । सोभियत संघ टुक्रिनुमा पनि जातीय पहिचानको उन्माद प्रमुख कारकतत्व भएको उनको तर्क छ । स्पष्ट छ, सोभियत संघ टुक्राटुक्रा भएपछि त्यहाँका प्रायः सबै राज्य अनाथजस्ता बनेका छन् ।

एघार हजार टापुका आआफ्ना संस्कृति र परम्परा भए पनि इन्डोनेसियाको राष्ट्रिय पहिचानले ती सबै जातिलाई समेटेको छ । बालीमा बस्ने लाखौं हिन्दू पनि त्यहाँ स्वाभिमानसँग बाँचेका छन् । यता नेपालमा बस्ने लाखौं मुसलमानले नेपाल हिन्दू राष्ट्र छँदा आफूलाई सुरक्षित ठानेको तर 'धर्मनिरपेक्ष' भएपछि असुरक्षित हुँदै गएको तर्क गरिरहेका छन् । जाति जातिबीच घृणा र हिंसाको आगो सल्काएर नेपालमा विदेशी सेना ल्याउन चाहनेहरूले रुवान्डा, बाल्कन, केन्या र अँगोलामा झैं हाम्रा कथित बुद्धिजीवीहरूलाई भाडाका सिकारी बनाएका छन् । भोलि जातीय विद्रोहको आगो सल्कियो भने गुप्तचर र आईएनजीओका एजेन्टहरू त भाग्लान्, हामी जनता कहाँ जाने ? अरुको पीडा, क्षति र असफलताबाट हामीले शिक्षा लिने कि नलिने ? यस्ता प्रश्नबारे हामी कति गम्भीर छौं ? किन हामी सुदूर भविष्यबारे लापर्वाही गरिरहेका छौं ?

भ्रष्ट, अकर्मण्य, दास र दृष्टिहीन कथित नेताहरूका भरमा राष्ट्रको भविष्य सुम्पिने तपाईं हामी आफैं मूर्ख हौं कि होइनौं ? राजाको शासन निरंकुश भयो भन्दै सात आठ वर्षअघि सडकमा उफ्रिनेहरू आज किन चुपचाप छन् ? के आज देशमा प्रजातान्त्रिक शासन छ ? विधिको शासन छ ? सुशासन र पारदर्शिता छ ? कूटनीतिक मर्यादा छ ? स्थानीय सरकारमा जनताको प्रतिनिधित्व छ ? संसद छ ? संसदले चुनेको सरकार छ ? सरकार जनताप्रति उत्तरदायी छ ? जनताका जल्दाबल्दा समस्याप्रति सरकार संवेदनशील छ ? जनतामा दलहरूप्रति आस्था र विश्वास बाँकी छ ? नेपालबारे नेपालीले नै निर्णय गर्ने हक सुरक्षित छ ? छैन । त्यसो भए यो लोकतन्त्र हो कि पराइतन्त्र ? यो सुशासन हो कि दुशासनहरूको कुशासन ? जनताले प्रश्न गर्नुपर्छ । जनता बोल्नुपर्छ । जाग्नुपर्छ । उठ्नुपर्छ । विदेशी षड्यन्त्रकारी र तिनका आज्ञाकारी दासहरूको सशक्त विरोध गर्नुपर्छ । विदेशीले उचाल्दा मात्र 'जनआन्दोलन' गर्ने ज्युँदा लासहरूले अब आफैंलाई चिमोट्नुपर्छ । ज्युँदै छन् भने लाखौं जनता मिलेर सडकमा आउनैपर्छ ।

स्यामुअल पी. हन्टिङटन र रबर्ट डि. काप्लान लगायतका विद्वान्ले सभ्यता एवं पहिचानको लडाइँ, जनसंख्या विस्फोट, प्राकृतिक स्रोत साधनमा झगडा तथा उग्र जातिवादले देश कमजोर हुन्छ भनेका छन् । राष्ट्रवादी चेतनाको अभावमा राष्ट्रिय पहिचान कमजोर हुने, जातीय द्वन्द्व बढ्ने र लामो संक्रमणकालमा अरुले खेल्न सक्ने चेतावनी दिएका छन् । मोल्दोभा, अर्मेनिया, अजरबैजान, जर्जिया, चेच्न्या, आदिले भोगेको पीडा जातीय उन्मादकै कारण उत्पन्न भएको हो । राष्ट्रिय पहिचान बिर्सेर जातको पहिचान खोज्दा करोडौं जनताको बेहाल भएको छ ।

आइरिस द्वन्द्वबारे लामो अध्ययन गरेका सहप्राध्यापक जोन कुकलीले जातीय पहिचानको उग्र भावनालाई मत्थर पार्न राष्ट्रवादले सहजकर्ताको धरातल निर्माण गर्ने तर्क दिएका छन् । सन् १९२२ देखि ब्रिटेनसँग युद्ध गरेका आइरिसहरूले भोगेको पीडाको चित्रण गर्दै उनले अन्ततः राष्ट्रिय पहिचानको धरातलमा भीषण युद्ध टुंगिएको बताएका छन् ।

यता नेपालका माओवादीले भने राष्ट्रिय स्वाभिमानका नाममा कथित जनयुद्ध सुरु गरेर अठार हजार जनता र पचासौं अर्ब राष्ट्रिय सम्पत्ति खरानी बनाए । अन्ततः विदेशी शक्तिसँग मिलेर जातीय राज्यलाई बाइसे चौबीसे राज्यका रुपमा स्थापना गर्न खोजेका छन् । संघीयताको नारा र गणतन्त्रको नाटक त्यही षड्यन्त्रका लागि हो । पृथ्वीनारायण शाहको विरोध इसाईहरू रिझाउनका लागि मात्र हो ।

इरानका राजा रेजा शाह पहलवीलाई राजनीतिशास्त्रीहरू ठूला राष्ट्रवादी मान्छन् । राजा महेन्द्रले झैं उनले पनि राष्ट्रिय पुनर्निर्माण र राष्ट्रवादको चेतना फैलाउन ठूलो काम गरेका थिए । पहलवीका छोरा मोहमद रेजा पहलवी पनि प्रबल राष्ट्रवादी थिए । सीआईएको षड्यन्त्रमा परेर त्यहाँ उनकै पालामा पच्चीस सय वर्ष पुरानो राजतन्त्रको अन्त्य भयो । त्यसपछि इस्लाम कट्टरपन्थी शासन सुरु गराएर गणतन्त्र ल्याइयो तर इरान ठूलो संकटमा पऱ्यो । इरान-इराक युद्धमा दशौं लाख मानिस मारिए । इरानका पुराना विद्वान्हरू आज पनि पहलवीलाई 'आर्यज्योति' (लाइट अफ द आर्यन्) भन्छन् । सन् १९७९ को फेब्रुअरी ११ तारिखमा त्यहाँ राजतन्त्र अन्त्य भएपछि अधिनायकवाद सुरु भयो । परिवर्तनको नाममा केही विदेशी कठपुतलीले जनतालाई झुक्याए । त्यहाँको राष्ट्रिय पहिचान कमजोर भयो ।

डा.सन् यत् सेन, तोदो हिदेको, यासेर अराफात, फ्रान्सिस्को फ्रान्को, च्याङ् काइ सेक आदिलाई इतिहासकारहरूले राष्ट्रिय पहिचानका लागि संघर्ष गर्ने राष्ट्रवादी नेता भनेका छन् । तर नर्वेका भिड्कुन अब्राहम क्विजलिङ जस्ता राष्ट्रघाती पनि थिए, जसले आफ्नै देशमाथि जर्मनीको हमला गराएर राजा हाकोनलाई कैदी बनाए र आफू प्रधानमन्त्री भए । उनलाई आज पनि राष्ट्रघाती (ट्रेटर) भनेर घृणा गरिन्छ ।

सुन्दर इतिहास बनाउने मौका पाएर पनि नेपालका माओवादी नेताहरू 'ट्रेटर' बनेका छन् । यसमा एमाले, कांग्रेस र तराईकेन्द्रित दलका कतिपय पार्टी पदाधिकारी, अगुवा कार्यकर्ता आदि पनि पर्छन् । जनताले यी राष्ट्रघातीहरूकै एजेन्डा स्वीकार गर्ने हो भने राष्ट्र बचाउँछ कसले ? विदेशी षड्यन्त्रहरूको पर्दाफास गर्छ कसले ? स्वाभिमानको लडाइँ हाक्छ कसले ? राष्ट्रियताको रक्षा गर्छ कसले ?

राष्ट्रवादी कवि नवराज कार्कीले एउटा गीत लेखेका छन्- 'करोड मुटुहरूको एउटै धुकधुकी नेपाल, न तिमी हुन्छौ न म नै हुन्छु नभए नेपाल ।' गीत सुन्दा राष्ट्रवादीहरूको आँखा रसाउँछ । भावशून्य बन्छन् स्रोता तर राष्ट्रघातीहरूलाई प्रबल राष्ट्रिय भावनाले कहिल्यै स्पर्श गर्दैन । उनीहरू राष्ट्रियता, राष्ट्रवाद र राष्ट्रिय पहिचानको अर्थ बुझ्दैनन् ।

आधारभूत चरित्र (बेसिक क्यारेक्टर) तथा राष्ट्रिय पहिचान एक अर्काका पूरक हुन् । जंगलमा हराएको स्यालको बच्चालाई एउटी बघिनीले आफ्नै दूध खुवाएर पालिछ । अलि ठूलो भएपछि बघिनीका अरु सन्तानले त्यसलाई पनि सिकार खोज्न लगेछन् । जंगलमा हात्ती, गैंडा लगायतका अनेकौं जन्तुहरू देख्दा स्यालको बच्चा साह्रै डराएछ । साँझमा बघिनीका सन्तानले आमालाई सबै कुराको बेलिविस्तार लगाएछन् । बघिनीले भनिछ- 'मेरो दूध खाँदैमा यो स्यालको छाउरामा हिम्मत आउँदैन । यसलाई आजै जंगलबाट निकालिदिन्छु ।'

नक्कली नागरिकता लिएका र विदेशीका दास बनेकाहरू पनि त्यस्तै हुन् । नेपाल आमाले शरण दिँदैमा ती खाँटी नेपाली हुन सक्दैनन् । नेपाली हुन नेपाललाई माया गर्नुपर्छ । राष्ट्रवादी हुनैपर्छ ।

शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले :

१. न्यानो कपडाको चोहो समयमै गरौं ।
२. शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं । घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
४. शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं ।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरू खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग